# मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२




## मुख्य न्यायाधिवक्ताको कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

मानननीय प्रदेश प्रमुख नजिर मियाँज्यू

समक्ष

## माननीय मुख्य न्यायाधिवक्ता

## श्री ठेकेन्द्र राज जोशीज्यूले

पेश गर्नु भएको

आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक प्रतिवेदन

## मुख्य न्यायाधिवक्ताको कार्यालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

# मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२


प्रकाशन संख्या : २०० (दुई सय ) प्रति

प्रकाशित मिति : २०८३, वैशाख

सम्पादन : उपन्यायाधिवक्ता श्री हरिश प्रसाद भट्ट
सहायक न्यायाधिवक्ता श्री भानु चौधरी
अधिकृत (प्रशासन) श्री सत्यराज पडाल
कम्प्युटर अपरेटर श्री दिपा शर्मा

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

फोन : ०९१- ५२६१९७
०९१-५२३१४४

मोबाईल : ९८५८४२३०३३

ई-मेल : chiefattorney2074@gmail.com



श्री ठेकेन्द्र राज जोशी
माननीय मुख्य न्यायाधिवक्ता



श्री हरिश प्रसाद भट्ट
उपन्यायाधिवक्ता



श्री शशि चन्द्र बिष्ट
सहायक न्यायाधिवक्ता



श्री भानु चौधरी
सहायक न्यायाधिवक्ता



श्री भेष बहादुर गुरुङ
सहायक न्यायाधिवक्ता



श्री सत्यराज पडाल
अधिकृत (प्रशासन)



श्री माधव प्रसाद बडु
अधिकृत (प्रशासन)



श्री निता कुमारी रेग्मी
अधिकृत (लेखा)



श्री दिपा शर्मा
कम्प्युटर अपरेटर

श्री
# मुख्य न्यायाधिवक्ताको कार्यालय
## सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

पत्र संख्याः
चलानी नं.:

माननीय प्रदेश प्रमुख ज्यू,
प्रदेश प्रमुखको कार्यालय
सुदूरपश्चिम प्रदेश ,धनगढी, कैलाली।

विषय : आ.व. ०८१।८२ को वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा महान्यायाधिवक्ताको मातहतमा मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वर्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन तयार गरी माननीय प्रदेश प्रमुख ज्यू समक्ष पेश गर्न आज उपस्थित भएको छु।

नेपालमा संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रदेश सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। प्रदेश सरकारलाई आत्मनिर्भर बनाउन अबलम्बन गर्नुपर्ने नीतिगत स्पष्टता, कानूनी व्यवस्थाका सम्बन्धमा मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हित हुने गरी कार्यसम्पादन गर्नुपर्ने चुनौती सधैव रहेको हुन्छ। प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई संवैधानिक तथा कानुनी विषयमा राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको प्रमुख कर्तव्य हो। मुख्य न्यायाधिवक्ता मुख्यमन्त्रीको प्रमुख कानूनी सल्लाहकार भएको हुँदा प्रदेश सरकारबाट तयार गरिने मस्यौदामा राय सुझाव प्रदान गर्नुपर्ने दायित्त्व हुन्छ उक्त कार्यमा मुख्य न्यायाधिवक्ताबाट निरन्तर समन्वय, सहकार्य र सहयोग हुने गरेको छ। नेपालको संविधानमा प्रदेश सरकारको एकल अधिकारक्षेत्रभित्र उल्लेखित कुनै विषयमा कानून बनाउनु पर्ने देखिएमा वा भैरहेको कानून संशोधन गर्नुपर्ने भएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने दायित्त्व मुख्य न्यायाधिवक्तालाई तोकिएको छ। यसका साथै प्रदेश सरकार तथा प्रदेश सरकार मातहतका निकाय विरुद्ध अदालतमा दायर रिट निवेदनको लिखित जवाफ प्रदेश सरकारको तर्फबाट अदालत समक्ष दर्ता गर्नुपर्ने जिम्मेवारी मुख्य न्यायाधिवक्ताको कार्यालय हुने कानूनी व्यवस्था छ। उक्त कानूनी दायित्त्वलाई सहज रुपमा निर्वाह गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयले समय-समयमा लिखित जवाफ लेखन सम्बन्धमा सरोकारवाला सुदूरपश्चिम प्रदेश सरकारका निकायहरुका अधिकारीहरुलाई सहजीकरण प्रशिक्षण कार्यक्रम समेत आयोजना गर्दै आएको छ। यस प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठनात्मक संरचना, मुख्य न्यायाधिवक्ताबाट प्रदान गरिएका कानूनी राय, तीनै तहका अदालतमा दायर रिट निवेदन विरुद्ध अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका मुद्दाहरुको विस्तृत विवरण, कार्यालयमा रहेका जिन्सी मालसामानहरुको मौज्दात, बार्षिक बिनियोजित बजेट तथा बार्षिक कार्यक्रमहरुको संप्क्षित व्यहोरा र कार्यालयका विद्यमान समस्या तथा

फोनः ०९१-५२६१९७, ०९१-५२३१४४, ९८५८४२३०३३
इमेलः chiefattorney2074@gmail.com

श्री
# मुख्य न्यायाधिवक्ताको कार्यालय
## सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

पत्र संख्याः
चलानी नं.:

समाधानका सुझावहरु समेत यस प्रतिवेदनमा प्रस्तुत गरेको छु।

आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशका दार्चुला र बैतडी जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँग न्याय निरुपण तथा सम्पादनसम्बन्धी दुईदिने अन्तक्रिया कार्यक्रम संचालन गरिएको थियो। साथै यस अवधीमा बालबिज्याँईकर्ता न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम, प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा कानून व्यवसायीसँग अन्तरक्रिया, कैलाली र कञ्चनपुर जिल्लामा प्रदेश सरकार मातहतका निकायका अधिकारीहरु सहभागिता हुने गरी प्रदेश सरकारतर्फबाट अदालतमा पेश गरिने लिखित जवाफमा एकरुपता ल्याउन तथा कानूनी राय माग गर्दा पु-याउनुपर्ने रित प्रक्रियाका सम्बन्धमा जानकारी साझा गर्ने उद्देश्यका साथ कानूनी राय तथा लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिएको थियो।उक्त कार्यक्रमका सहभागीहरुबाट प्राप्त भएका सुझावहरु यस प्रतिवेदनमा समावेश गरेको छु।

यस कार्यालयको कार्य सम्पादनमा प्रत्यक्ष र परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्णप्रति कृतज्ञता व्यक्त गर्दै प्रस्तुत प्रतिवेदन मुद्रणमा व्यहोरा फरक पर्न गएमा आगमी वर्षहरुमा सुधार गर्दै लगिने व्यहोरा प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

अन्तमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको विधिवत कार्यान्वयन गर्दा कानून तथा न्यायका सर्वमान्य सिद्धान्त र मानव अधिकारप्रति उच्च सम्मान तथा विश्वास राख्दै यस कार्यालयको कामकारवाही थप प्रभावकारी बनाउन प्रतिवद्ध हुँदै प्रतिवेदन लेखन तथा सम्पादनमा खटिने कर्मचारीहरुलाई विषेश धन्यवाद दिन चाहन्छु।

२०८३ वैशाख

................................

(ठेकेन्द्र राज जोशी)

मुख्य न्यायाधिवक्ता

फोनः ०९१-५२६१९७, ०९१-५२३१४४, ९८५८४२३०३३

इमेलः chiefattorney2074@gmail.com

# विषय सूची

## परिच्छेद -१
## सामान्य परिचय


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | मुख्य न्यायाधिवक्ताको जिम्मेवारी | १ |
| १.३ | उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ताहरुको जिम्मेवारी | ४ |
| १.४ | वार्षिक प्रतिवेदन सम्बन्धी कानूनी व्यवस्था | ५ |


## परिच्छेद -२
## संगठनात्मक स्वरुप र कार्यहरु


| | | |
|---|---|---|
| २.१ | संगठनात्मक स्वरुप | ६ |
| २.२ | प्रस्तावित संगठनात्मक संरचना | ७ |


## परिच्छेद -३
## सम्पादित कार्य


| | | |
|---|---|---|
| ३.१ | मुद्दा सम्बन्धी | १० |
| ३.२ | बहस, पैरवी तथा प्रधतरक्षा सम्वन्धी | २१ |
| ३.३ | कानूनी राय सम्बन्धी | २२ |
| ३.४ | कार्यक्रम सम्बन्धी | २२ |
| ३.५ | कार्यालयको भौतिक स्थिति | ४२ |
| ३.६ | विनियोजन सम्बन्धी | ४४ |
| ३.७ | दरबन्दी सम्वन्धीको अवस्था | ४६ |


## परिच्छेद -४
## भ्रमण, गोष्ठी, तालिम र सेमिनारमा सहभागिता तथा थप जिम्मेवारी


| | | |
|---|---|---|
| ४.१ | भ्रमण, गोष्ठी, तालिम र सेमिनार | ४७ |
| ४.२ | अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम | ४८ |
| ४.३ | बालसुधार गृह डोटी अनुगमन कार्यक्रम | ५२ |
| ४.४ | कारागार अनुगमन | ५५ |
| ४.५ | मुख्य न्यायाधिवक्ताको अन्य भूमिका | ७४ |


## परिच्छेद -५
## समस्या र सुझाव


| | | |
|---|---|---|
| ५.१ | समस्या | ७५ |
| ५.२ | सुझाव | ७६ |

# परिच्छेद - १
# सामान्य परिचय

## १.१ परिचयः

नेपालको संविधानले बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मावन अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यता आत्मसाथ गरी दिगो विकास, सुशासन, शान्ति सुरक्षामा चुस्त-दुरुस्तता कायम गर्ने अपेक्षा गरेको छ । नेपालको संविधानको भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक जना मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था छ । यसका साथै मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने एवं संवैधानिक तथा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेका अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने संविधानमा व्यवस्था गरिएको छ । यस प्रदेशका माननीय मुख्यमन्त्रीबाट मिति २०७४।१२।०७ गतेको सिफारिस बमोजिम प्रदेश प्रमुखबाट मिति २०७४।१२।१४ गते पहिलो मुख्य न्यायाधिवक्तारुपमा पद तथा ओहदाको सपथ लिएपश्चात नितान्त नयाँ संरचनाकोरुपमा मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना संविधानको मूल मर्म अनुरुप संघीयताको सफल कार्यान्वयनको लागि सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुदूरपश्चिम प्रदेश मातहत रहेतापनि कार्यालयको कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने संविधान व्यवस्था रहेको छ । संविधानले परिकल्पना गरेको मुख्य न्यायाधिवक्ताको कार्यालय नितान्त नयाँ अभ्यास भएको हुँदा सुदूरपश्चिम प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ जारी पश्चात विधिवतरुपमा कार्यालय संचालन गर्न कानूनी आधार बनेको हो। यसै ऐनमा गरिएका व्यवस्था बमोजिम मुख्य न्यायाधिवक्ताबाट नियमित कार्यसम्पादन हुँदै आएको छ ।

## १.२ मुख्य न्यायाधिवक्ताको जिम्मेवारी

संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी सातवटै प्रदेशमा एक/एक जना मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था रहेको छ । संघीयता कार्यान्वयन गर्ने उद्देश्यले संविधानमा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र निजले संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकार मातहतका विभाग/कार्यालयहरुबाट माग भए बमोजिम कानूनी राय सल्लाह दिने ब्यवस्था गरेको छ। यसका साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ ले देहाय बमोजिमका व्यवस्थाहरु गरेको छ :-

(१) संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने।

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने।

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भईरहेको कानून संशोधन गर्न वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने।

(ङ) प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यवहार गर्न आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने।

(च) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकार कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्ने वा कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ।

(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले

तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ।

(५) मुख्य न्यायाधिवक्तालाई सम्वन्धित प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुख्य न्यायाधिवक्ता पदमा वहाल रहदाको अवधिभर प्रदेश सरकार पक्ष विपक्ष भएको मुद्धामा वाहेक नागरिक पक्ष विपक्ष भएको मुद्धामा वहस, पैरवी वा प्रतिरक्षा गर्ने उद्देश्यले नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी संमक्ष उपस्थित हुने अधिकार हुनेछैन।

(७) मुख्य न्यायाधिवक्ताले सम्वन्धित प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्नेछ।

(८) मुख्य न्यायाधिवक्ताले विषयको गाम्भिर्यताको आधारमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न विज्ञको आवश्यकता देखेमा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा पारिश्रमिक प्रदान गर्ने गरि कुनै कानून व्यवसायीलाई वहस, पैरवी वा प्रतिरक्षा गर्न तोक्न सक्नेछ।

मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ बमोजिम प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकाय समक्ष पेश गर्ने निवेदन/लिखित जवाफ, प्रत्युउत्तर पत्र, पुनरावेदन, दोहो-याई पाउने निवेदन लगायतका काम कारवाही अगाडी बढाउदा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत पेश गर्नुपर्ने कानूनी व्यवस्था छ।त्यसैगरी कुनै पनि मुद्दामा प्रदेश सरकारका तर्फबाट अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गर्न, संवैधानिक वा कानूनी प्रश्नमा राय दिन र संघीय कानून कार्यान्वयनका लागि महान्यायाधिवक्ता ज्यूको आवश्यक सुझाव तथा मार्ग निर्देशन पालना गर्नुपर्ने कानूनी ब्यवस्था गरेको देखिन्छ।

## १.३ उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ताहरुको जिम्मेवारी

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ बमोजिम आफुमा निहित अधिकार मध्ये मुख्य न्यायाधिवक्ताले सोही ऐनको दफा १५ ले दिएको अधिकार प्रयोग गरि दफा ४ को उपदफा १ मा उल्लेखित निम्न लिखित काम, कर्तव्य र अधिकार सरकारी वकील समुहका उपन्यायाधिवक्ता तथा सहायक न्यायाधिवक्ताले प्रयोग गर्न पाउने गरि प्रत्यायोजन गरिएको छ।

क. प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक सरोकारको विचारधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने,

ख. प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय,विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,

ग. प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

घ. प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालय बाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वयन गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

ङ. प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षका रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यहार गर्न आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने,

यसरी मुख्य न्यायाधिवक्ताले आफूमा निहित अरु जुनसुकै अधिकारहरु प्रत्यायोजन गरेतापनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका सरकारी वकीलहरुले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिनेछैन भन्ने ब्यवस्था सोही ऐनमा उल्लेख भएबाट सो विषयसँग सम्बन्धित अधिकार वाहेकका अन्य अधिकारहरु मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्तालाई प्रत्यायोजन भएको देखिन्छ।

## १.४ वार्षिक प्रतिवेदन सम्वन्धी कानूनी व्यवस्था

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षभित्र कार्यालयले गरेका काम कारवाहीको सम्बन्धमा तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउने कानूनी व्यवस्था रहेकोछ।त्यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो कार्यालयको भौतिक स्थिति, कार्यभार, विनियोजित रकम र उपलब्धी, काम कारबाहीको वास्तविक स्थित चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आधारित राय सुझावसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताको कार्यालयले २०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३१ गते सम्म सम्पादन गरेका कामकारवाही समावेश गरिएको छ।




माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष मुख्य न्यायाधिवक्ता
श्री ठेकेन्द्र राज जोशी आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन बुझाउनु हुँदै।

## परिच्छेद – २
## संगठनात्मक स्वरुप

### २.१ संगठन संरचना

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०२/०६ गतेको निर्णयानुसार मुख्य न्यायाधिवक्ता कार्यालयको संगठन संरचना तयार भएको थियो जस अनुसार नेपाल न्याय सेवा,सरकारी वकील समूहका, उपन्यायाधिवक्ता/उपसचिवको नेतृत्वमा बिभिन्न तह र श्रेणीका ११ जनाको दरबन्दी कायम गरिएको थियो।यस संरचना अन्तर्गत कानूनी राय तथा प्रतिरक्षा शाखा, प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहने व्यवस्था गरिएको छ।

**संगठनात्मक ढाँचा**



नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत श्रेणीगत दरबन्दी संरचनालाई सुदूरपश्चिम प्रदेश सरकारबाट मिति २०७८/१०/२६ गते तह मिलान हुने गरी स्वीकृत गरिएको यस कार्यालयको दरबन्दी तेरिज देहाय बमोजिम रहेको छ:-

| **क्र.सं.** | **पद** | **सेवा** | **समूह** | **श्रेणी/तह** | **दरबन्दी संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | उपसचिव | न्याय | सरकारी वकील | ९/१० औं | १ | |
| २ | शाखा अधिकृत | न्याय | सरकारी वकिल | ७/८ औं | ३ | |
| ३ | नायब सुब्बा | प्रशासन | सामान्य प्रशासन | ५/६ औं | २ | |
| ४ | लेखापाल | प्रशासन | लेखा | ५/६ | १ | |
| ५ | कम्प्यूटर अपरेटर | विविध | - | ५/६ | १ | |
| ६ | हलुका सवारी चालक | ईन्जि. | मे./ज.मे. | श्रेणिविहिन | १ | |
| ७ | कार्यालय सहयोगी | प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | २ | |

## २.२ प्रस्तावित संगठनात्मक संरचना

सातवटै प्रदेशका मुख्य न्यायाधिवक्ताज्यूहरु र माननीय महान्यायाधिवक्ताज्यू वीच भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि कार्यबोझका आधारमा विद्यमान दरबन्दी पुनरावलोकन गर्नुपर्ने भनी विषय उठान भएको सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६।०८।२६ गतेको पत्रानुसार सातवटै प्रदेश स्थित मुख्य न्यायाधिववक्ताको कार्यालयको कार्यबोझ विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नका लागि लेखि आएकोले यस कार्यालयका उपन्यायाधिवक्ताज्यूको संयोजकत्वमा एक समिति गठन गरी कार्यालयको वर्तमान कार्यबोझ तथा भावी कार्य क्षेत्रको विस्तृत अध्ययन गरी मुख्य न्यायाधिवक्ताज्यू समक्ष मिति २०७६।११।३० गते संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन पेश गरेको थियो । यस कार्यालयको प्रस्तावित संगठनात्मक संरचना तल प्रस्तुत गरिएको छ ।

## मुख्य न्यायाधिवक्ता

### निजि सचिवालय

शाखा अधिकृत-१

रा.प.तृतीय श्रेणी/स.व.समूह

कम्प्युटर अपरेटर

हलुका सवारी चालक-१

कार्यालय सहयोगी-१

---

सह-न्यायाधिवक्ता-१

रा.प.प्रथम श्रेणी

न्याय/सरकारी वकील

नायब सुब्बा-१

न्याय/सरकारी वकील समूह

हलुका सवारी चालक-१

कार्यालय सहयोगी-१

### कानूनी राय तथा प्रतिरक्षा शाखा

उपन्यायचाधिवक्ता-१ रा.प.द्बितिय श्रेणी

न्याय/सरकारी वकील

शाखा अधिकृत-१

रा.प.तै.श्रेणी/सरकारी वकील

नायब सुब्बा-१ न्याय/ सरकारी वकील समूह

हलुका सवारी चालक-१

कार्यालय सहयोगी-१

### विषय विज्ञ शाखा

राजश्व कर रीट र संवैधानिक

उपन्यायाधिवक्ता-१

रा.प.द्बितिय श्रेणी, न्याय सरकारी वकील

शाखा अधिकृत-१

रा.प.तृ श्रेणी/सरकारी वकील

नायब सुब्बा-१

न्याय/सरकारी वकील समूह

हलुका सवारी चालक-१

कार्यालय सहयोगी-१

### आर्थिक प्रशासन शाखा

लेखा अधिकृत-१

रा.प.तृ.श्रेणी/छैटौँ तह

कार्यालय सहयोगी-१

### प्रशासन शाखा

अधिकृत-१

रा.प.तृ.श्रेणी/अधिकृत छैटौं/नेपाल प्रशासन सेवा

कम्प्युटर अपरेटर-१

कार्यालय सहयोगी-१

### मुकाम कार्यालय दिपायल

शाखा अधिकृत-१ न्याय/सरकारी वकील

सहायक पाँचौ-१ न्याय/सरकारी वकील

कार्यालय सहयोगी-१

### मुकाम कार्यालय दिपायल, महेन्द्रनगर इजलास

शाखा अधिकृत-१ न्याय/सरकारी वकील

सहायक पाँचौ-१ न्याय/सरकारी वकील

कार्यालय सहयोगी-१

## प्रस्तावित दरवन्दी तेरिज

## श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

| क्र. सं. | पद | श्रेणी / तह | सेवा | समूह | मौजुदा दरबन्दी | पद पूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ति | रिक्त | थप | घट | |
| १. | सह-न्यायाधिवक्ता | रा.प.प्रथम | न्याय | सरकारी वकील | - | - | - | १ | - | १ |
| २ | उपन्यायाधिवक्ता | रा.प.द्बितीय | न्याय | सरकारी वकील | १ | १ | - | १ | - | २ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | ३ | १ | २ | २ | - | ५ |
| ४ | अधिकृत | अधिकृत छैठौं | प्रशासन | लेखा | १ | १ | - | - | - | १ |
| ५ | अधिकृत | अधिकृत छैठौं | प्रशासन | सामन्य प्रशासन | १ | १ | - | - | - | १ |
| ६ | नायव सुब्बा | रा.प.अनं. प्रथम | न्याय | सरकारी वकील | - | - | - | ३ | - | ३ |
| ७ | सहायक | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | १ | - | २ |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | १ | १ | - | १ | - | २ |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरङ | मे.मे.ज/. | १ | १ | - | २ | - | ४ |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | ६ | - | ८ |
| जम्मा | | | | | ११ | ९ | २ | १८ | | २९ |

## परिच्छेद -३
## सम्पादित कार्य

सुदूरपश्चिम सरकारको तर्फबाट यस कार्यालयले आ. व. २०८१/८२ मा तीनै तहका अदालत समक्ष दर्ता भएका रिट, लिखित जवाफ तथा अदालतबाट पेशीका दिन प्रदेश सरकारका तर्फबाट गरिएको प्रतिरक्षा र प्रदेश सरकार तथा मातहतका निकायबाट माग भए बमोजिम प्रदान गरेको कानूनी राय समावेश गरी सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरुको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको  छ।

### ३.१ मुद्दा सम्वन्धी

नेपालको संविधान तथा मुख्य न्यायाधिवक्ताको कार्यालयको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम प्रदेश सरकार एंव प्रदेश सरकार मातहतका निकायलाई विपक्षी बनाई सम्मानीत श्री सर्वोच्च अदालत काठमाडौं, श्री उच्च अदालत दिपायल डोटी, श्री उच्च अदालत दिपायल, महेन्द्रनगर ईजलास र प्रशासकीय अदातल र कैलाली जिल्ला अदालत र कञ्चनपुर जिल्ला अदालतमा दायर भएका रिट/मुद्दा उपर प्रदेश सरकारका तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्ने, प्रदेश सरकार तथा मातहतका निकायका प्रमुखका तर्फबाट लिखित जवाफ सम्बन्धित अदालतमा पेश गर्ने, उच्च अदालतहरुबाट भएको आदेश वा फैसला विरुद्ध सम्मानीत सर्वोच्च अदालतमा प्रदेश सरकार पक्ष भई पुनरावेदन दर्ता गर्ने  कार्य नियमितरुपमा यस कार्यालयबाट सम्पादन हुँदै  आएका छन। यस सम्वन्धी विस्तृत विवरण तल  प्रस्तुत गरिएको छ।

<table>
<tr><th rowspan="2">अदालत</th><th colspan="3">लगत</th><th colspan="4">फर्छ्यौट</th><th rowspan="2">बाँकी</th></tr>
<tr><th>गत बर्षको वाकी</th><th>यस बर्षको थप</th><th>जम्मा</th><th>रिट जारी</th><th>रिट खारेज</th><th>तामेली</th><th>जम्मा</th></tr>
<tr><td rowspan="2">सर्वोच्च अदालत (दो.पा. को निवेदन)</td><td>५४</td><td>३२</td><td>८६</td><td>६</td><td>१७</td><td>-</td><td>२३</td><td>६३</td></tr>
<tr><td>१</td><td>-</td><td>१</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>१</td></tr>
<tr><td>जम्मा</td><td>५५</td><td>३२</td><td>८७</td><td>६</td><td>१७</td><td>-</td><td>२३</td><td>६४</td></tr>
<tr><td>प्रशासकीय अदालत</td><td>-</td><td>२</td><td>२</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>२</td></tr>
</table>

| अदालत | लगत | | | फर्छ्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | गत बर्षको वाकी | यस बर्षको थप | जम्मा | रिट जारी | रिट खारेज | तामेली | जम्मा | |
| उच्च अदालत दिपायल | - | १५ | १५ | ३ | ४ | - | ७ | ८ |
| उच्च अदालत दिपायल, महेन्द्रनगर | - | २ | २ | - | १ | - | १ | १ |
| कैलाली जिल्ला अदालत | ६ | ३ | ९ | - | ३ | - | ३ | ६ |
| कञ्चनपुर जिल्ला अदालत | - | १ | १ | - | - | - | - | १ |
| **जम्मा** | **६१** | **५५** | **११६** | **९** | **२५** | **-** | **३४** | **८२** |

## मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेशबाट प्रतिरक्षा गरीएका मुद्दाहरुको विवरण

| क्र. स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | देवी कुमारी जोशी | प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय | उत्प्रेषण/ परमादेश | 075-WO-0393 | सर्वोच्च अदालत | 2081/08/20 रिट खारेज |
| २ | अ. मनिष कुमार क्षेष्ठ | प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय | उत्प्रेषण/ परमादेश | 075-WC-0030 | सर्वोच्च अदालत | चालु |
| ३ | अ. शैलेन्द्र कुमार हरिजन समेत | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | उत्प्रेषण/ परमादेश | 075-WO-1269 | सर्वोच्च अदालत | रिट खारेज 2081/05/24 |
| ४ | पुष्पराज प्याकुरेल | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उत्प्रेषण/ परमादेश | 075-WO-1349 | सर्वोच्च अदालत | रिट खारेज 2081/05/24 |
| ५ | विजय कुमार भट्टराई समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 077-WO-0171 | सर्वोच्च अदालत | रिट खारेज 2081/11/11 |

| क्र. स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | दिपक पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 076-WO-0260 | सर्वोच्च अदालत | रिट खारेज 2082/03/04 |
| ७ | विजय कुमार यादव समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 077-WO-0180 | सर्वोच्च अदालत | सर्वोच्च चालु |
| ८ | दिपेन्द्र बहादुर चन्द | न्याय परिषद् काठमाडौँ समेत | परमादेश | 076-WO-0766 | सर्वोच्च अदालत | रिट खारेज 2082/03/17 |
| ९ | गजेन्द्र ठाकुर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 076-WO-1072 | सर्वोच्च अदालत | 2081/11/19 रिट खारेज |
| १० | सम्पूर्ण सिंह चोपडा | पूर्वाधार विकास कार्यालय | उत्प्रेषण/ परमादेश | 077-WO-0330 | सर्वोच्च अदालत | चालु |
| ११ | डा.गुणराज अवस्थी | सामाजिक विकास मन्त्रालय, सु.प | दोपा | 077-WO-0013 | सर्वोच्च अदालत | चालु |
| १२ | रमा गिरी | प्रदेश लेखा नियन्त्रक कार्यालय | उत्प्रेषण/ परमादेश | 077-WO-0607 | सर्वोच्च अदालत | चालु |
| १३ | जानकी देवी भण्डारी | सामाजिक विकास मन्त्रालय, सु.प | उत्प्रेषण/ परमादेश | 077-WO-0977 | सर्वोच्च अदालत | चालु |
| १४ | प्रेम बहादुर साउँद | सामाजिक विकास मन्त्रालय, सु.प | परमादेश | 077-WO-0977 | सर्वोच्च अदालत | चालु |
| १५ | कमल राना | आन्तरिक मामिला तथा कानून मन्त्रालय | उत्प्रेषण | 077-WO-1176 | सर्वोच्च अदालत | चालु |
| १६ | पदम बहादुर श्रेष्ठ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | परमादेश | 077-WO-1099 | सर्वोच्च अदालत | 2081/10/07 रिट खारेज |
| १७ | सविना श्रेष्ठ | सामाजिक विकास मन्त्रालय, सु.प | उत्प्रेषण/ परमादेश | 077-WO-1109 | सर्वोच्च अदालत | चालु |
| १८ | अ.जय प्रसाद पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 077-WO-1242 | सर्वोच्च अदालत | चालु |

| क्र. स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| १९ | अनन्त कार्की | मुख्यमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय, सु.प | परमादेश | 078-WO-0155 | सर्वोच्च अदालत | चालु |
| २० | संगम खाईजु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WO-0236 | सर्वोच्च अदालत | चालु |
| २१ | डिल्लीराज पन्त | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | हाल साविक गरी हक कायम गरी पाउँ | 078-CP-0187 | कैलाली | रिट खारेज 2081/05/02 |
| २२ | टीका बहादुर कुवँर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण | 078-WO-0790 | सर्वोच्च अदालत | 2082/02/04 रिट खारेज |
| २३ | भूपेन्द्र नाथ पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WO-0970 | सर्वोच्च अदालत | चालु |
| २४ | रामाकान्त प्रसाद यादव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WO-1378 | सर्वोच्च अदालत | चालु |
| २५ | सन्तलाल श्रेष्ठ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WO-1266 | सर्वोच्च अदालत | चालु |
| २६ | तोयानाथ मिश्र | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण | 078-WO-1173 | सर्वोच्च अदालत | 2082/04/21 रिट जारी |
| २७ | दयाराम पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WO-1234 | सर्वोच्च अदालत | चालु |
| २८ | अनिल कुमार लाल | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी, कैलाली। | उत्प्रेषण | 079-WO-0040 | सर्वोच्च अदालत | चालु |

| क्र.स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| २९ | नर बहादुर लिम्बु | क्षेत्रीय निर्देशानलय, दिपायल | उत्प्रेषण | 079-WO-0156 | सर्वोच्च अदालत | रिट खारेज 2082/01/21 |
| ३० | अ.मनिराम उपाध्याय | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी, कैलाली। | प्रतिषेधयुक्त परमादेश | 079-WC-0004 | सर्वोच्च अदालत | चालु |
| ३१ | प्यारे लाल राना(वारेश पल्लवी जोशी) | भौतिक पूर्वाधार विकास मन्त्रालय | उत्प्रेषण | 079-WO-0428 | सर्वोच्च अदालत | चालु |
| ३२ | अ. रामचन्द्र पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 079-WO-0434 | सर्वोच्च अदालत | चालु |
| ३३ | चुरे गाउँपालिकाको कार्यालय समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | परमादेश | 079-WO-0613 | सर्वोच्च अदालत | रिट खारेज 2082/01/02 |
| ३४ | रमेश राउत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WO-0004 | सर्वोच्च अदालत | चालु |
| ३५ | विरभद्र जोशी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 078-WC-0009 | सर्वोच्च अदालत | चालु |
| ३६ | बलदेव रेग्मी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 0789-WC-0009 | सर्वोच्च अदालत | रिट खारेज 2081/05/05 |
| ३७ | लाल बहादुर थापा | प्रदेश सभा सचिवालय | उत्प्रेषण | 079-WC-0040 | सर्वोच्च अदालत | रिट खारेज 2081/05/05 |
| ३८ | एसिला सिंह | सामाजिक विकार मन्त्रालय, सु.प | उत्प्रेषण/ परमादेश | 079-WO-0875 | सर्वोच्च अदालत | चालु |
| ३९ | अन्जुना भट्ट | बढुवा सिफारिस समितिको सचिवालय | बढुवा निर्णय बदर | 079-AO-0036 | सर्वोच्च अदालत | चालु |
| ४० | पार्वती पाण्डे | डिभिजन वन कार्यालय | नापी नक्सा निर्णय बदर | 079-CP-0872 | सर्वोच्च अदालत | 2081/11/15 रिट जारी |
| ४१ | सूर्य बहादुर थापा | डिभिजन वन कार्यालय | निषेधाज्ञा | 079-WO-0035 | कैलाली | चालु |

| क्र.स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ४२ | जयन्ती थापा | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उत्प्रेषण | 079-WO-1460 | सर्वोच्च अदालत | चालु |
| ४३ | अ.त्रिलोचन बहादुर चन्द | आर्थिक मामिला तथा कानून मन्त्रालय | उत्प्रेषण/ परमादेश | 080-WC-0002 | सर्वोच्च अदालत | चालु |
| ४४ | मेघ बहादुर आले | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण | 080-WO-0093 | सर्वोच्च अदालत | चालु |
| ४५ | यशोदा गिरी | सामाजिक विकास मन्त्रालय, सु.प | उत्प्रेषण | 080-WO-0226 | सर्वोच्च अदालत | चालु |
| ४६ | दिप्ति भट्ट | सामाजिक विकास मन्त्रालय, सु.प | उत्प्रेषण | 080-WO-0229 | सर्वोच्च अदालत | चालु |
| ४७ | अ. दिलराज खनाल | आन्तरिक मामिला तथा कानून मन्त्रालय | उत्प्रेषण | 080-WC-0010 | सर्वोच्च अदालत | चालु |
| ४८ | तिलकराज जोशी | सामाजिक विकास मन्त्रालय | उत्प्रेषण/ परमादेश | 080-WO-0291 | सर्वोच्च अदालत | चालु |
| ४९ | बल बहादुर साउँद | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उत्प्रेषण/ परमादेश | 080-WO-0731 | सर्वोच्च अदालत | चालु |
| ५० | डा. जगदीश जोशी | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण उत्प्रेषण/ परमादेश | 080-WO-0679 | सर्वोच्च अदालत | रिट जारी 2081/10/20 |
| ५१ | कैलाश बहादुर वि.क | डिभिजन वन कार्यालय | उत्प्रेषण | 080-WO-0025 | कैलाली | चालु |
| ५२ | चन्द्र एण्ड बसन्त कन्स्ट्रक्सन प्रा.ली | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ठेक्का करार बमोजिमको रकम भूक्तानी | 080-CP-0517 | कैलाली | चालु |
| ५३ | कामेश्वर प्रसाद सिंह समेत | प्रदेश लोक सेवा आयोग, सु.प | उत्प्रेषण/ परमादेश | 080-WO-0860 | सर्वोच्च अदालत | चालु |
| ५४ | इन्दिरा गिरी | प्रदेश सभा समेत | उत्प्रेषण/ परमादेश | 080-WO-1069 | सर्वोच्च अदालत | रिट जारी 2081/04/13 |

| क्र.स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ५५ | रमा गिरी | सामाजिक विकास मन्त्रालय, सु.प | उत्प्रेषण/ परमादेश | 079-WO-0029 | सर्वोच्च अदालत | चालु |
| ५६ | अन्जुला भट्ट | बढुवा समितिको सचिवालय शिक्षा विकास निर्देशानलय | बढुवा निर्णय बदर | 080-CI-1332 | सर्वोच्च अदालत | चालु |
| ५७ | सुरज उदास समेत | सुदूरपश्चिम प्रदेश सभा समेत | परमादेश | 080-WO-1037 | सर्वोच्च अदालत | चालु |
| ५८ | संजिव तिवारी | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 080-WO-0969 | सर्वोच्च अदालत | चालु |
| ५९ | अ.अन्जु मरासिनी | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण/ परमादेश | 080-WO-0982 | सर्वोच्च अदालत | चालु |
| ६० | डिल्लीराज पन्त | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | हाल साविक गरी हक कायम गरी पाउँ | 078-CP-0468 | कैलाली | कैलाली रिट खारेज 2081/05/02 |
| ६१ | चन्द्रकान्त ज्ञवाली | प्रदेश सभा सचिवालय, सु.प | पमादेश | 081-WO-0048 | सर्वोच्च अदालत | चालु |
| ६२ | साईमल ठकुल्ला | उद्योग, पर्यटन, वन तथा वातावरण मनुत्रालय | अदालत को अवहेलना | 081-FJ-0002 | उच्च अदालत दिपायल | रिट जारी 2081/11/01 |
| ६३ | धन बहादुर ओली | उद्योग, पर्यटन, वन तथा वातावरण मनुत्रालय | अदालत को अवहेलना | 081-FJ-0003 | उच्च अदालत दिपायल | रिट जारी 2081/11/01 |
| ६४ | विर बहादुर भण्डारी | उद्योग, पर्यटन, वन तथा वातावरण मनुत्रालय | उत्प्रेषण/ परमादेश | 081-WO-0437 | सर्वोच्च अदालत | रिट जारी 2081/10/25 |
| ६५ | महेश बहादुर चन्द | आन्तरिक मामिला तथा कानून मन्त्रालय समेत | उत्प्रेषण/ परमादेश | 081-WO-0008 | उच्च अदालत दिपायल | रिट जारी 2081/10/29 |

| क्र. स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ६६ | विनोद राज सुवेदी | प्रदेश लोक सेवा आयोग समेत | उत्प्रेषण समेत | 081-WO-0460 | सर्वोच्च अदालत | चालु |
| ६७ | त्रिलोक बहादुर चन्द | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-0599 | सर्वोच्च अदालत | चालु |
| ६८ | अ.जय प्रसाद पौडेल | भौतिक पूर्वाधार विकास मन्त्रालय | परमादेश | 081-WO-0650 | सर्वोच्च अदालत | चालु |
| ६९ | डम्बर बहादुर स्वाँर | भौतिक पूर्वाधार विकास मन्त्रालय | परमादेश | 081-WO-0693 | सर्वोच्च अदालत | 2081/10/25 |
| ७० | दिपेन्द्र बहादुर चन्द | डिभिजन वन कार्यालय, बैतडी | परमादेश | 081-WO-0014 | उच्च अदालत महेन्द्रनगर ईजलास | 2082/01/31 रिट खारेज |
| ७१ | नविन कार्की | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | परमादेश | 081-WO-0709 | सर्वोच्च अदालत | सर्वोच्च चालु |
| ७२ | मुकुन्द खतिवडा | लोक सेवा आयोग सु.प समेत | उत्प्रेषण समेत | 081-WO-0918 | सर्वोच्च अदालत | रिट जारी 2082/01/03 |
| ७३ | नेपाल वन निगम, धनगढी, कैलाली | वन निर्देशानलय धनगढी, कैलालि | उत्प्रेषण/ परमादेश | 081-WO-0022 | उ. अदालत महेन्द्रनगर ईजलास | चालु |
| ७४ | जनकराज जोशी | भौतिक पूर्वाधार विकास मन्त्रालय, सु.प | उत्प्रेषण समेत | 081-WO-0937 | सर्वोच्च अदालत | चालु |
| ७५ | डिल्ली राज पन्त | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | हाल पर्खाल तथा घर भत्काई पाउँ | 081-DP-0068 081-DP-0069 | उ. अदालत, दिपायल | चालु |

| क्र.स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ७६ | सर्वेश अवस्थी | घरेलु तथा साना उद्योग कार्यालय | 080-WO-0008 | किर्ते जालसाज | उ. अदालत दिपायल | सुरु सदर 2082/01/17 |
| ७७ | दान बहादुर साउँद | पूर्वाधार विकास कार्यालय, कैलाली | निषेधाज्ञा | 081-WO-0025 | कैलाली | चालु |
| ७८ | दान बहादुर साउँद | पूर्वाधार विकास कार्यालय, कैलाली | निषेधाज्ञा | 081-WO-0026 | कैलाली | चालु |
| ७९ | हेम राज खड्का | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषणयुक्त परमादेश | 081-WO-0028 | उ. अदालत दिपायल | रिट खारेज 2082/01/15 |
| ८० | विर बहादुर भण्डारी | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषणयुक्त परमादेश | 081-WO-0437 | सर्वोच्च अदालत | रिट खारेज 2081/10/25 |
| ८१ | चन्द्र प्रसाद भूसाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषणयुक्त/ परमादेश | 081-WO-1049 | सर्वोच्च अदालत | चालु |
| ८२ | राम सिंह धामी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WC-0038 | सर्वोच्च अदालत | चालु |
| ८३ | अमर बहादुर खड्का | पूर्वाधार विकास कार्यालय, धनगढी | उत्प्रेषण समेत | 081-WO-0029 | उ. अदालत दिपायल | रिट खारेज 2082/01/30 |
| ८४ | दिल बहादुर ओली | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय | निषेधाज्ञा | 081-WO-0028 | कैलाली | रिट खारेज 2082/02/12 |
| ८५ | नवराज जोशी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1186 | सर्वोच्च अदालत | चालु |
| ८६ | महेश कुमार थारु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1042 | सर्वोच्च अदालत | चालु |

| क्र. स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ८७ | योगेन्द्र बहादुर अधिकारी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1132 | सर्वोच्च अदालत | चालु |
| ८८ | नृपेश अवस्थी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1209 | सर्वोच्च अदालत | चालु |
| ८९ | प्रकाश कुमार पन्त | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1208 | सर्वोच्च अदालत | चालु |
| ९० | पदम बहादुर विष्ट समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1228 | सर्वोच्च अदालत | रिट खारेज 2082/02/27 |
| ९१ | हरि सिंह विष्ट | जलस्रोत तथा सिँचाई | निषेधाज्ञा | | कञ्चनपुर जिल्ला अदालत | चालु |
| ९२ | ज्योति बाँनिया | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1134 | सर्वोच्च अदालत | चालु |
| ९३ | भवानी प्रसाद तिमल्सिना | पूर्वाधार विकास कार्यालय, अछाम | उत्प्रेषण समेत | 081-WO-1135 | उ. अदालत दिपायल | चालु |
| ९४ | जयदेव महर समेत | प्रदेश लोकसेवा आयोग, समेत | उत्प्रेषण समेत | 081-WO-1233 | सर्वोच्च अदालत | चालु |
| ९५ | षोड्शा देवी मा.वि अछाम | सामाजिक विकास मन्त्रालय समेत | उत्प्रेषण समेत | 081-WO-0043 | उ. अदालत दिपायल | रिट खारेज 2082/03/24 |
| ९६ | रबिन्द्र चौधरी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषण समेत | 081-WO-1346 | सर्वोच्च अदालत | चालु |
| ९७ | ओम प्रकाश जोशी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सु.प | उत्प्रेषणयुक्त परमादेश | 081-WO-1323 | सर्वोच्च अदालत | चालु |

| क्र.स. | निवेदक/पक्ष | विपक्ष/प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ९८ | पार्वती देवी पाण्ये | डिभिजन वन कार्यालय, कैलाली | नापी नक्सा बदर | 081-DP-0102/0103 | उ. अदालत दिपायल | चालु |
| ९९ | तिर्थराज भट्ट | प्रदेश लोकसेवा आयोग, सु.प | उत्प्रेषण | 081-WO-1314 | सर्वोच्च अदालत | चालु |
| १०० | हेमराज जोशी | प्रदेश लोकसेवा आयोग, सु.प | उत्प्रेषण समेत | 081-WO-1345 | सर्वोच्च अदालत | चालु |
| १०१ | केशवराज जैशी | प्रदेश लोकसेवा आयोग, सु.प | उत्प्रेषण समेत | 081-WO-1348 | सर्वोच्च अदालत | चालु |
| १०२ | रुक्शना कपाली | आन्तरिक मामिला तथा कानून मन्त्रालय | परमादेश समेत | 081-WO-0037 | उ. अदालत दिपायल | चालु |
| १०३ | रुक्शना कपाली | आन्तरिक मामिला तथा कानून मन्त्रालय | परमादेश समेत | 081-WO-0038 | उ. अदालत दिपायल | चालु |
| १०४ | मेनुका जोशी समेत | प्रदेश लोकसेवा आयोग, सु.प समेत | उत्प्रेषण समेत | 081-WO-1330 | सर्वोच्च अदालत | चालु |
| १०५ | पिरु वन | डिभिजन वन कार्यालय, कैलाली | परमादेश समेत | 081-WO-0042 | उ. अदालत दिपायल | चालु |
| १०६ | रमेश बहादुर महर | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उत्प्रेषण/परमादेश | 081-WO-0046 | उ. अदालत दिपायल | चालु |
| १०७ | भानुभक्त जोशी | प्रदेश लोकसेवा आयोग, सु.प समेत | उत्प्रेषण समेत | 081-WO-1435 | सर्वोच्च अदालत | चालु |
| १०८ | जय प्रसाद पौडेल | भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढी, कैलाली | उत्प्रेषण समेत | 081-WO-1421 | सर्वोच्च अदालत | चालु |
| १०९. | हरि दत्त बाग | शिक्षा विकास निर्देशानलय, दिपायल, डोटी | उत्प्रेषण समेत | 081-AC-0071 | प्रशासकीय अदालत | चालु |

| क्र.स. | निवेदक/पक्ष | विपक्ष/ प्रतिवादी | मुद्दा/रिट | मुद्दा/रिट दर्ता नं. | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| ११० | रमेश कुमार जोशी | शिक्षा विकास निर्देशानलय, दिपायल, डोटी | उत्प्रेषण समेत | 081-AC-0070 | प्रशासकीय अदालत | चालु |
| १११ | महेश बड्वाल | शिक्षा विकास निर्देशानलय, दिपायल, डोटी | उत्प्रेषण समेत | 081-WO-1401 | सर्वोच्च अदालत | चालु |
| ११२ | होमनाथ जोशी | डिभिजन वन कार्यालय, बाजुरा | उत्प्रेषण युक्त परमादेश | 081-WO-0044 | उ. अदालत दिपायल | चालु |
| ११३ | मुकुन्द खतिवडा | प्रदेश लोकसेवा आयोग, सु.प | उत्प्रेषण समेत | 081-WC-0052 | सर्वोच्च अदालत | रिट जारी 2082/03/25 |
| ११४ | देवराज जैशी समेत | प्रदेश लोकसेवा आयोग, सु.प समेत | उत्प्रेषण समेत | 081-WO-1247 | सर्वोच्च अदालत | चालु |
| ११५ | जुगल विल्डर्स प्रा.ली | आन्तरिक मामिला तथा कानून मन्त्रालय | निषेधाज्ञा | 081-FN-1107 | सर्वोच्च अदालत | रिट खारेज 2082/03/23 |
| ११६ | दिनेश धामी | नागेन्द्र सिंह धामी | उत्प्रेषण | 079-RI-1606 | सर्वोच्च अदालत | चालु |

### ३.२ बहस, पैरवी तथा प्रतिरक्षा सम्वन्धी

सुदूरपश्चिम प्रदेश सरकार तथा मातहतका निकायहरु विरुद्ध दायर रिट उपर प्रदेश सरकारका तर्फबाट सम्मानीत सर्वोच्च अदालत, उच्च अदालतहरु र जिल्ला अदालत समक्ष उपस्थित भई संविधान तथा कानूनको पालना हुने गरी अदालतबाट तोकिएको पेशीका दिन बहस, पैरवी तथा प्रतिरक्षा गर्ने कार्य यस कार्यालयबाट निरन्तर हुने गरेको छ । उच्च अदालत दिपायल तथा उच्च अदालत दिपायल महेन्द्रनगर ईजालशले अनलाईन बहस पैरवीको थालनी गरेको हुँदा मुख्य न्यायाधिवक्ता तथा न्यायाधिवक्ताज्यूहरुलाई बहस पैरवी गर्न सहज भएको छ । तर सम्मानीत सर्वोच्च अदालत र अन्य जिल्ला अदालतहरुमा यस किसिमको सूचना प्रविधिको प्रयोग भै नसकेको अवस्था भएकोले तत् तत् अदालतमा पेशी तोकिएको दिन भौतिकरुपमा उपस्थित भई बहस पैरवी हुँदै आएको छ। बहस, पैरवी तथा प्रतिरक्षा सम्वन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

| बहस, पैरवी तथा प्रतिरक्षा सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **निकाय** | **गत आ.व.सम्मको** | **यस आ.व.को** | **जम्मा** |
| सर्वोच्च अदालत | १५६ | १९५ | ३५१ |
| उच्च अदालत दिपायल | १२ | २४ | ३६ |
| उच्च अदालत दिपायल, महेन्द्रनगर | २९ | ७ | ३६ |
| कैलाली जिल्ला अदालत | १० | ९ | १९ |
| **जम्मा** | २०७ | २०३ | ४१० |

### ३.३ कानूनी राय सम्बन्धी

नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने व्यवस्था गरेको छ। संविधान तथा कानूनका विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेका पदाधिकारी तथा अधिकारीहरुलाई कानूनी राय दिनु मुख्य न्यायाधिवक्ताको कर्तब्य हुने ब्यवस्था मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ मा व्यवस्था गरेको छ। आ.व.२०८१।०८२ मा सुदूरपश्चिम प्रदेश सरकार तथा प्रदेश सरकारका विभिन्न निकायबाट माग गरिएको कानूनी राय सम्बन्धी विस्तृत विवरण २०८२ भदौ २३ र २४ गतेको जेन-जी विरोध प्रदर्शनका क्रममा कार्यालयको मुद्दा तथा कानूनी राय शाखा आगजनी भई पूर्णरुपमा जलेर नष्ट भएको हुँदा यस आ.व.२०८१।०८२ मा प्रदेश सरकार तथा प्रदेश सरकार मातहतका निकाय वा पदाधिकारी बाट माग भएको राय र यस कार्यालयबाट प्रदान गरेको राय सम्न्धी विवरण यस प्रतिवेदनमा समावेश गर्न नसकिएको व्यहोरा अनुरोध गरिन्छ।

### ३.४ कार्यक्रम सम्वन्धी

#### ३.४.१. न्यायिक समितिका पदाधिकारीसँग न्याय सम्पादन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

नेपालको संविधानमा राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख गरेको छ। यस आर्थिक वर्षको बार्षिक कार्यक्रममा "**न्याय निरुपण सम्बन्धी न्यायिक समितिका पदाधिकारीहरुसँग अन्तर्क्रिया** " कार्यक्रम समावेश गरी यस प्रदेशका दार्चुला र बैतडी जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँग अर्न्तक्रिया कार्यक्रम विभिन्न मितिमा संचालन गरिएको थियो । संघीय संविधान कार्यान्वयनमा समन्वयकारी भुमिका निर्वाह गर्न न्यायिक समितिबाट सहज, सरल एवं न्यून खर्चमा न्याय

निरुपण गर्न प्रभावकारी हुने भएकोले निम्न लिखित उद्देश्य केन्द्रित भई कार्यक्रम तर्जुमा एवं संचालन गरिएको थियो।

- सुदरपश्चिम प्रदेश अन्तर्गतका जिल्लामा रहेका न्यायिक समितिका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुलाई न्याय निरुपणसँग सम्बन्धित कानून र कार्यविधि बारेमा सैद्धान्तिक तथा ब्यवहारिक ज्ञान बारेमा जानकारी दिने।
- न्यायिक समितिले न्याय सम्पादन गर्दा अपनाउनु पर्ने अनिवार्य कार्यबिधिका सम्बन्धमा जानकारी गराउने र न्यायिक समितिले निरुपण पर्ने विवादहरुका सम्बन्धमा मेलमिलाप गराउन सक्ने विवादका बिषयमा ब्यवहारिक सीप प्रदान गर्ने।
- प्रत्येक पालिकामा फरक-फरक समस्याहरु हुने हुँदा सहभागीहरु बीच एक-आपसमा ती समस्याहरुका बारेमा साक्षतकार गराई तत् तत् पालिकाद्धारा अपनाएका कार्यविधिका सम्बन्धमा अनुभव आदान प्रदान गर्ने।
- न्यायिक समितिबाट हुने गरेका आदेशहरु पूर्वाग्रहरहित, निष्पक्ष एवं सर्वस्वीकार्य हुने अवस्था सृजना गर्नका लागि सुक्ष्मरुपमा कार्यविधि कानूनको प्रयोगमा एकरुपता ल्याई सर्वसाधारण सेवाग्राहीप्रति राज्यको तटस्थ उपस्थितिको भूमिका अनुभूत गराउनमा सहयोग गर्ने।

सर्वप्रथम मिति २०८२।०१।१२ र १३ गते उक्त कार्यक्रम दार्चुला जिल्लाका न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई लक्षित गरी खलंगामा संचालन गरिएको थियो। उक्त कार्यक्रमको उदघाटन मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशीले गर्नु भएको थियो। दार्चुला जिल्लाका ९ वटै पालिकाका न्यायिक समितिका पदाधिकारी तथा न्यायिक समितिसँग कामकाज गर्ने कर्मचारीलाई आमन्त्रण गरिएकोमा ३३ जनाले सहभागीता जनाएका थिए। त्यसैगरी बैतडी जिल्लाको पाटनमा मिति २०८२।०१।१४ र १५ गते आयोजना गरिएको कार्यक्रममा न्यायिक समितिका पदाधिकारीहरु र कर्मचारीहरु समेत गरी २८ जना सहभागी भएका थिए। यसप्रकार यस आर्थिक वर्ष ०८१।८२ मा न्यायिक समितिसँग न्याय निरुपण सम्बन्धी प्रशिक्षण कार्यक्रम दुईवटै जिल्लामा सफलताका साथ सम्पन्न गरिएको थियो।

## बैतडी जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम





## दार्चुला जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम





### ३.४.२. कानूनको विवादमा परेका बालबालिकाहरुको न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि व्यवस्था गरिएको छ र बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ । राज्यको प्रमुख जिम्मेवारी राज्यका नागरिकको आधारभूत आवश्यकता सम्बोधन गरी नागरिकलाई भेदभावरहित वातावरणमा गुणत्तरिया शिक्षा, स्वास्थ र रोजगारी प्रदान गर्नु पनि हो । नेपाल सरकारले बालबालिकाहरुको भविष्यलाई ध्यानमा राख्दै उच्च शिक्षासम्मको अध्ययन नि:शुल्क गरी देशको साक्षरता दर वृद्धिमा अहम भूमिका निर्वाह गर्दै आएको छ । विज्ञान तथा प्रविधिमा भैरहेको चमत्कारिक अद्यावधिकीकरणले विश्वपरिवेश द्रुत गतिमा परिवर्तन हुँदै गएको छ जसको प्रत्यक्ष र परोक्ष प्रभाव देशका कर्णधार बालबालिकमा स्वाभाविकरुपमा पर्दै गएको कुरा नकार्न सकिदैन । हाम्रो जस्तो अल्पविकसित राष्ट्रका बालबालिकाहरुले प्रयोग गर्ने सामाजिक संजालबाट सहजरुपमा फैलिरहको सकारात्मक एवं नकारात्मक कुराहरुको ज्ञानले करिब एक पुस्ता यसको दुरुपयोगको शिकार हुने निश्चित देखिएको छ । यस सन्दर्भमा मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेशले **"कानूनको विवाद परेका बालबालिकाहरुको न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम"** तर्जुमा एवं वार्षिक कार्याक्रमा समावेश गरी बजेट विनियोजन भै आएको हुँदा कैलाली, कञ्चनपुर जिल्लाका केही सरकारी विद्यालयहरुका माध्यामिक तह बालबालिकाहरुलाई बालअधिकार, लागू औषध दुर्व्यसनी, विद्युतीय अपराध, बहुविवाह र जबरजस्ती करणी आदी विषयमा सचेतनामूलक कार्यक्रम विभिन्न विद्यालयहरुमा विभिन्न मितिमा निम्न लिखित उद्देश्य प्राप्त हुने अपेक्षा गर्दै संचालन गरिएको थियो ।

१. जटिल सामाजिक समस्याको रुपमा रहेको लागू औषध दुर्व्यसनीको कुलतका सम्बन्धमा विद्यालय तथा महाविद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सचेत गराउने,
२. सामाजिक संजालको बढ्दो प्रयोगका कारण खराब संगतमा परी बालविवाह, बहुविवाहजस्ता आजीवन भोग्नुपर्ने पीडाको जोखिमबाट बचाउन सचेत गर्ने,
३. विशेषगरी माध्यामिक तहमा अध्ययनरत बालबालिकाहरुबाट कानूनी अज्ञानताका कारण हुनसक्ने संगठित अपराध, cyber crime, smuggling आदिका सम्बन्धमा फौजदारी न्याय प्रणाली र कानूनी व्यवस्थाका बारे अवगत गराई यी अपराधमा तीनिहरुको संलग्नता निरुत्साहित गर्ने,
४. बालबालिकाहरु देशका कर्णधार भएको हुँदा तीनीहरुलाई संविधान, ऐन कानूनमा उल्लिखित व्यवस्थाका बारेमा जानकारी गराई समाज र परिवारप्रति तीनिहरुको कतर्व्य बोध गराई देशका लागि जिम्मेवार नागरिक तयार गर्नमा भूमिका निर्वाह गर्ने,
५. बालबालिकाहरुलाई सामाजिक कुरिती, कुसंगत, कुलत र दुर्व्यसनीबाट जोगाई समाजमा हुनसक्ने अपराधिक क्रियाकलापको संख्या घटाउन सहयोग गर्ने ।

## श्री दिपेन्द्र माध्यामिक विद्यालय हसुलिया, कैलारी गाउँपालिका, कैलाली



श्री जनकल्याण माध्यामिक विद्यालय पवेरा, कैलारी गाउँपालिका, कैलाली






श्री फूलवारी माध्यमिक विद्यालय फूलबारी, धनगढी उपमहानगरपालिका,कैलाली



**श्री त्रिनगर माध्यामिक विद्यालय, धनगढी मेनरोड, धनगढी कैलाली**






**श्री सरस्वती माध्यमिक विद्यालय मोतीपुर, पुनर्वास नगरपालिका, कञ्चनपुर**





श्री पुनर्वास जनता माध्यामिक विद्यालय, पुर्नवास नगरपालिका, कञ्चनपुर






**श्री कर्णाली माध्यामिक विद्यालय सत्ती, टिकापुर नगरपालिका, कैलाली**









**श्री सरस्वती माध्यामिक विद्यालय, नवलपुर, भजनी नगरपालिका, कैलाली**



**श्री महुन्याल माध्यामिक विद्यालय भजनी, भजनी नगरपालिका, कैलाली**



**श्री जनजगृती माध्यामिक विद्यालय डी गाउँ, धनगढी उपमहानगरपालिका, कैलाली**





श्री चन्द्रोदय माध्यामिक विद्यालय फूलवारी, धनगढी उपमहानगरपालिका, कैलाली





श्री राष्ट्रिय माध्यामिक विद्यालय सुख्खड, घोडाघोडी नगरपालिका, कैलाली





### ३.४.३. कानून व्यवसायीसँग प्रदेश कानून तर्जुमा तथा कार्यान्वयनका सम्बन्धमा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

नेपालको सविधान २०७२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पहिचना स्थापित गरेको छ । संघीयता कार्यान्वयन प्रभावकारीरुपमा गर्नका लागि प्रदेश सरकारको स्थायित्व र औचित्यता सुनिश्चित हुनु आवश्यक छ। संघ र स्थानीय सरकारबीचको मजबुत सेतुको रुपमा समन्वयात्म भूमिका निर्वाह गर्दै पूर्वाधार विकास सम्बन्धी कार्य संचालन गर्नु प्रदेश सरकारको संविधान प्रदत्त दायित्त्व हो। प्रदेश सरकारले पूर्वाधार विकासका साथसाथै स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, वाणिज्य तथा व्यापार, कृषि, भेटेरीनरी, वन, पर्यटन, यातायात आदि क्षेत्रमा नवीनतम सेवा प्रवाहका आयामहरु अबलम्बन गरी प्रदेश सरकारको सेवा प्रवाहलाई चुस्त दुरुस्त गर्नु पर्ने चुनौती रहेको छ।दिनप्रति दिन बदलिदो विश्व परिवेशसँग तादाम्यता मिलाउन प्रदेश सरकारले कानूनी संरचना निर्माण गर्ने गरेको छ।तीनवटै सरकारको कामको जिम्मेवारी प्रष्ट हुने गरी नेपालको संविधानको अनुसूची ५ देखी ९ सम्म व्यवस्था गरिएको छ।यसका साथै नेपाल सरकार मन्त्रिपरिषदबाट पारित कार्यविस्तृतीकरण प्रतिवेदनले संघीय तहहरुको अधिकारको दोहोरोपना तथा अस्पष्टता हटाएको छ।देशको आर्थिक विकासको मुख्य पेशा कृषि क्षेत्रलाई व्यवस्थित गर्न, जातिय भेदभावमुक्त समाज बनाई सदभावको वातावरण सृजना गर्न, प्रदेशभित्रको बहुआयामिक गरिवी निवारण गर्नका लागि रोजगारीका क्षेत्रहरु विस्तार गरी जनताको जीवनस्तरमा गुणस्तरीय परिवर्तनका लागि भौतिक पूर्वाधार विकासका साथै आवश्यकता अनुसार प्रदेश सरकारले कानुन तर्जुमा गर्ने गरेको छ । प्रदेशमा सु-व्यवस्था कायम गरी जनताको आधारभूत आवश्यकताहरु परिपूर्तिमा सहज वातावरण बनाउनका लागि जारी

गरिएका कानूनहरुको कार्यान्वयनको अवस्थाका बारेमा यस प्रदेशका नौवटै जिल्लाका बार एकाईमा आबद्ध कानून व्यवसायीसँग अन्तरक्रिया गर्न कार्यालयको वार्षिक विकास कार्यक्रम राखिएको थियो । यस प्रदेशका मुख्य न्यायाधिवक्ताज्यूको अध्यक्षतामा सुदूरपश्चिम प्रदेशका जिल्ला बार एकाईमा आबद्ध वरिष्ठ अधिवक्ता र अधिवक्ताहरुलाई आमन्त्रण गरी कैलाली जिल्लाको गोदावरी स्थित गोदावरी ग्रिन रिसोर्टमा मिति २०८२।०२।०२ र ०३ गते दुई दिने अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रमका सहभागीहरुले राख्नु भएका सुझावहरु तल प्रस्तुत गरिएको छ:-

- प्रदेश सरकारबाट जारी भएका कानून संग्रह सहज रुपमा बजार उपलब्ध नहुनु आफैमा प्रदेश सरकारको कानून कार्यान्वयन ईच्छा न्यून नभएको मान्न सकिन्छ।हामी कानून व्यवसायीले संघ, प्रदेश वा स्थानीय सरकारबाट जारी ऐन, नियम, कार्यविधिका विषयमा नियमित अद्यावधिक भैरहनु पर्ने हुन्छ, त्यसैले प्रदेश सरकारका जिम्मेवार निकायको ध्यानाकर्षण गराउने मनसाय भएको कुरा प्रस्तुत गर्नुभएको थियो ।
- यसै विषयमा नौवटै जिल्ला अदालत स्थित बार ईकाईहरुमा प्रदेश सरकारबाट कानूनका पुस्तकहरु वितरण गर्ने पद्धति स्थापित गर्नु पर्ने आसय राख्नु भएको थियो।
- प्रदेश कानून किताब समितिको अवधारणा लागू गरी कार्यान्वयनमा जोड गर्दा बढी प्रभावकारी हुने कुरा उल्लेख भएको थियो ।
- कैलाली जिल्लामा पछिल्ला केहि वर्षदेखि अव्यवस्थित शहरीकरण बढ्दै गईरहेको अवस्था विद्यमान छ यसले भविष्यमा मानव स्वास्थ्य लगाएत राज्यबाट प्रवाह गरिने विभिन्न सेवा सुविधमा प्रतिकुल प्रभाव भएको हुँदा भूमिसम्बन्धी ऐन संशोधन गरी आवास क्षेत्र, कृषि क्षेत्र र औद्योगिक क्षेत्र एकिन हुने गरी बर्गिकरण गर्दा अनावश्यक कृषि उर्वरभूमि नाश हुनबाट जोगाउन सकिन कुरा उठान भएको थियो ।
- हालसम्म प्रदेश सरकारबाट गठन आदेशहरु केही समित धार्मिक वा पर्यटकीय वा प्राकृतिक वा संस्कृतिक स्थानहरुलाई प्रतिविम्वित हुने गरी मात्र जारी गरिएको हुँदा यसले सबै स्थानलाई समेट्न नसकेको हुँदा सुदूरपश्चिम प्रदेशको धार्मिक एवं अलौकिक तीर्थस्थल बडीमालिका क्षेत्र विकास गर्नका लागि सरोकारवालाहरुसँग गहन छलफल गरी गठन आदेश जारी गर्नुपर्ने माग उठाईएको थियो ।
- कार्यक्रमका सहभागी विद्धान कानून व्यवसायीहरुले स्थानीय सरकार र प्रदेश सरकारले जारी गरेका कानून बारे सर्वसाधारणको जानकारीका लागि यथेष्ट प्रचार प्रसार नगरेका कारण कानून कार्यान्वयनमा केही जटिलता आएको बताएका थिए ।
- प्रदेश सरकारले कानून बनाउने र भैरहेका कानूनहरु आवश्यकता अनुसार संशोधन गर्नका लागि तत् तत् निकायलाई सिफारिस गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई भएतापनि उचित पहलका कारण सरोकारवालाहरुसँग समय-समयमा विचार-विमर्श नहुँदा उक्त कार्य प्रभावकारी ढङ्गबाट कार्यान्वयन नभएको अवस्था रहेको छ ।

- सरकारका नीतिलाई प्रतिविम्बित हुने गरी कानून निर्माण हुन नसकेको हुँदा धेरै जसो ऐन कार्यान्वयन हुन नसकेको अवस्था विद्यमान रहेको छ भन्ने व्यहोराको अभिव्यक्ति सहभागी विद्धान अधिवक्ताहरुबाट आएको थियो।
- कानून नीतिगतरुपमा एकता कायम गरी प्रथमिकता क्षेत्रमा ऐन वनाउने, सरोकारवालाहरु वीच समन्वय जस्तै शिक्षा ऐन तर्जुमा गर्दा शिक्षक, प्राध्यापक, प्रोफेसर, शिक्षाविद अभिभावक र नगरपालिका तथा गाउँपालिकासँग गरिने आम जनता समक्ष कानून पु-याउन बारसँग समन्वय गर्ने उपयुक्त हुने दखिन्छ। यसका साथै राजनीतिक दललाई धेरै जानकारी नहुने र कर्मचारीहरु निश्चित अवधीमा सरुवा भई फेरबदल हुने भएकोले स्थायीरुपमा कानून निर्माणमा कार्यप्रगति हुने भएकोले प्रदेशस्तरीय कानून आयोग निर्माण गर्दा उपयुक्त हुने कुरा वरिष्ट अधिवक्ता तथा अधिवक्ता ज्यूहरुले राखेका थिए।
- कानुन निर्माण प्रक्रियामा कानून व्यवसायीलाई जनकारी गराउनु पर्ने र सुदूरपश्चिम प्रदेशको राजश्वको स्रोत पहिचान गर्नका लागि गाँजा खेती गराउन कानून बनाई व्यवस्थित गर्ने, स्थानीय बाली उत्पादनमा प्रबद्धन गर्ने, कृषि क्षेत्रको विकासका लागि समयानुसार कानून निर्माण एवं संशोधन गर्ने र लोकल रक्सी ब्राण्डिङ्ग गर्ने आदि काम सरकारको अग्रसरता भएमा यस प्रदेशको विकासमा निश्चितरुपमा सकारात्मक परिवर्तन आउँने विश्वास व्यक्त गरिएको थियो।




सुन्दर
State of Art



## ३.५ कार्यालयको भौतिक स्थिति

मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेश २०७४।१२।१४ गते साविकको मालपोत कार्यालय धनगढी कैलालीको नाममा श्रेस्ता कायम रहेको पुरानो भवनमा स्थापना भएको थियो। उक्त पुरानो भवनको माथि आ.व. २०७५।७६ को बजेटमा विनियोजित भई आएपछि तीन कोठा थप गरिएको थियो। कार्यालयको पुरानो संरचनाको तल्लो र माथिल्लो तलामा जम्मा ७ कोठा रहेका छन । कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुका लागि अपर्याप्त हुने देखिएकोले कार्यालय परिसरभित्र खाली ठाँउमा दुई तल्ले चारकोठे नयाँ भवन निर्माण गरिएको छ जसमा मुख्य न्यायाधिवक्ताज्यूको कार्यकक्ष तथा मिटिङ्ग हल र लाईब्ररीको व्यवस्था मिलाईएको छ। संघीयता कार्यान्वयन गर्ने जिम्मवारी तीनै तहका सरकारको भएतापनि प्रदेश सरकारको प्रथम कार्यकाल समाप्त भै सक्दा समेत यस कार्यालयको नाममा घरजग्गा दर्ता भई नसकेको हुँदा प्रादेशिक संरचनामा प्रदेश सरकार उदासिन रहेको मान्न सकिन्छ। कार्यालयमा सवारी साधन, ल्याप्टप, कम्प्युटर, प्रिन्टर, इन्भटर, टेलिफोन, मोटरसाइकल, साइकल, मोबाइल, लगायतका भौतिक श्रोत सामग्री रहेका छन्। सो सम्वन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### आ.व. २०८१/८२को जिन्सी मौज्दातको वार्षिक विवरण

| क्र.स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | |
| १ | | ६११२२२२००२ | ल्यापटप | पिस | १० | | ७५४,८४०.०० |
| २ | | ६११२२२२००६ | प्रोजक्टर | पिस | १ | | ६३,३७२.०० |
| ३ | | ६११२२२३०२१ | स्टेबिलाइजेर | पिस | ६ | | १०८,०००.०० |
| ४ | | ६११२१०९००२ | स्कुटर | संख्या | २ | | ४३९,३८१.०० |
| ५ | | ६११२११०००४ | पिकअप | संख्या | १ | | ६,९८८,१००.०० |
| ६ | | ६११२२२३०२६ | कुलर | संख्या | २ | | २८,०००.०० |
| ७ | | ६११२२२१००४ | साइन बोर्ड | पिस | १ | | २,५००.०० |
| ८ | | ६११२२२२००३ | प्रिन्टर | पिस | ८ | | १५७,२००.०० |
| ९ | | ६११२३११०१६ | कोट हेंगर | पिस | १ | | २,५००.०० |
| १० | | ६११२२२३००७ | फ्रिज | पिस | १ | | २६,५००.०० |
| ११ | | ६११२३११०५३ | साईड टेबल | पिस | १ | | ७,८५०.०० |
| १२ | | ६११२२२२००४ | फोटोकपी मेशिन | पिस | १ | | ५६,५००.०० |
| १३ | | ६११२२२२००१ | डेस्कटप कम्प्युटर | पिस | ९ | | ५५०,९४४.०० |

| क्र. स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | |
| १४ | | ६११२३११०१८ | खाट पलङ लोबेड | पिस | ६ | | ९२,८५०.०० |
| १५ | | ६११२२२४००६ | मोबाइल | पिस | ४ | | १००,८००.०० |
| १६ | | ६११२२२१००१ | पानी फील्टर | संख्या | १ | | २५,०००.०० |
| १७ | | ६११२३११०१३ | टि टेवल | संख्या | १० | | ४६,७००.०० |
| १८ | | ६११२२११००४ | डिजिटल क्यामेरा (Digital Camera) | संख्या | १ | | ८१,४१५.०० |
| १९ | | ६११२३११००६ | सोफासेट | पिस | १५ | | ६०७,८००.०० |
| २० | | ६११२२२३०७३ | मोटर(पानी तान्ने) | संख्या | २ | | २०,३४०.०० |
| २१ | | ६११२३११०१९ | र्‍याक | पिस | १ | | २,०९८.०० |
| २२ | | ६११२१०९००३ | साइकल | संख्या | ४ | | ३१,५१०.०० |
| २३ | | ६११२३११०२१ | इस्टुल | संख्या | ३ | | ७,४००.०० |
| २४ | | ६११२२२३००२ | सिलिङ पंखा | पिस | ४ | | १५,०००.०० |
| २५ | | ६११२२२३००५ | एयर कन्डीसनर | पिस | १० | | ८४९,०००.०० |
| २६ | | ६११२२११००९ | सिसिटिभी क्यामरा | पिस | ५ | | ९५,४००.०० |
| २७ | | ६११२२२३०४१ | गिजर | संख्या | २ | | ४१,५००.०० |
| २८ | | ६११२२२२००५ | Scanner | पिस | १ | | १३,५००.०० |
| २९ | | ६११२२२१००५ | नेम प्लेट | पिस | १ | | ९०० |
| ३० | | ६११२२२३००९ | यु पि एस | पिस | ७ | | १०८,०००.०० |
| ३१ | | ६११२२२३००१ | हिटर | पिस | १ | | १५,०००.०० |
| ३२ | | ६११२१०९००१ | मोटर साइकल | संख्या | ३ | | ५७४,३३६.०० |
| ३३ | | ६११२३११०१४ | कम्प्युटर टेबल | संख्या | ४ | | ३५,४००.०० |
| ३४ | | ६११२३११०३५ | रोष्टम | संख्या | १ | | १०,०००.०० |
| ३५ | | ६११२३११००९ | स्टिल दराज | पिस | १० | | १४८,१००.०० |
| ३६ | | ६११२२२३००६ | पम्प(पानी तान्ने) | पिस | १ | | ७,०८०.०० |
| ३७ | | ६११२३११०२० | बुक सेल्फ | पिस | ८ | | १३२,०००.०० |
| ३८ | | ६११२३११०४१ | किचेन र्‍याक/ | संख्या | १ | | २५,८००.०० |

| क्र. स. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत न. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण | दर | |
| | | | Kitchen rack | | | | |
| ३९ | | ६१११२११०००१ | कार | संख्या | १ | | ४,४९३,१००.०० |
| ४० | | ६१११२३११०११ | रिभल्वभिङ चेयर | पिस | १९ | | ३६६,१७५.०० |
| ४१ | | ६१११२२२३०३७ | इन्भरटर | संख्या | ६ | | १००,४४५.०० |
| ४२ | | ६१११२२२३०१० | ब्याट्री (Battery BDC) | पिस | १९ | | ६४९,०७०.०० |
| ४३ | | ६१११२३११०८१ | अफिस टेबल (Office Table) | पिस | १ | | २६,५००.०० |
| ४४ | | ६१११२३११००१ | टेवुल | पिस | १२ | | ३१०,०००.०० |
| ४५ | | ६१११२३११०५५ | बुक केश (Book Case) | पिस | ४ | | ६९,९५०.०० |
| ४६ | | ६१११२२११००१ | टेलिभिजन | संख्या | १ | | ४०,०००.०० |
| ४७ | | ६१११२२२१००००८ | भ्याकुम क्लिनर | पिस | १ | | १९,४९३.०० |
| ४८ | | ६१११२२२१००२३३ | ए.सी. | पिस | १ | | ९९५००. ०० |
| ४९ | | ६१११२२३५०००४२ | मिटिङ्ग टेबल | पिस | १ | | ८१८१२. ०० |
| ५० | | ६१११२२३५०००५२ | ह्वाईट बोर्ड | पिस | १ | | ७३४५. ०० |
| ५१ | | ६१११२२३५००१२७ | File cabinet | ब.फि. | ११९ | | ४०३४१०. ०० |
| ५२ | | ६१११२२३५००१४० | हाप नेट जाली चियर | पिस | २४ | | १५१८७२२ |
| | | | **जम्मा** | | | | **१९६५८०७०.००** |

### ३.६ विनियोजन सम्बन्धी

आ.व. २०८१/८२ मा यस कार्यालयको चालु खर्च तर्फ रु २,१५,०९०००।०० बजेट विनियोजन भई रु १,९३,६२,२९२।६० खर्च भएको छ भने पुँजीगत खर्च तर्फ रु ११,२५,०००।०० बजेट विनियोजन भई आएकोमा रु ११,२४,९९७।०० खर्च भएको छ । सो सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

## बार्षिक विनियोजन

| सि. नं. | ब.उ.शि.नं. | विनियोजित रकम | खर्च रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक | |
| १ | ३०१०००११३ | २,१५,०९०००।०० | १,९३,६२,२९२।६० | ९०.१० % | १००% | चालु |
| २ | ३०१०००११४ | ११,२५,०००।०० | ११,२४,९९७।०० | ९९.००% | १००% | पूँजीगत |

## आ.व. २०८१/८२ मा कार्यालयबाट सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति विवरण

| कार्यक्रमको नाम | विनियजित बजेट | खर्च भएको रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | वित्तिय | भौतिक | |
| न्याय निरुपण सम्वन्धि न्यायिक समितिका पदाधिकारीहरुसंग अन्तक्रिया कार्यक्रम | १२,००,०००/- | ११ ,९९,३००/- | ९९.९% | १००% | |
| कानूनको विवादमा परेका बालबालिका न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम | ९,००,०००/- | ९,००,०००/- | १००% | १००% | |
| मुख्य न्यायाधिवक्ताको अन्तरप्रदेश कानूनहरुको अध्ययन तथा अनुभव आदान प्रदान कार्यक्रम | ४,००,०००/- | ४,००,०००/- | १००% | १००% | |
| वार्षिक समिक्षा कार्यक्रम | ५०,०००/- | ५०,०००/- | १००% | १००% | |
| कानून व्यवसायीसँग प्रदेश कानून निर्माण तथा कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तर्किया कार्यक्रम | ५,००,०००/- | ५,००,०००/- | १००% | १००% | |

### ३.७ दरबन्दी सम्वन्धीको अवस्था

यस कार्यालयका लागि स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुको पूर्ति भएको अवस्था छ। कार्य सम्पादनमा थपिएका चुनौतीहरुको सामना गर्न तथा समयको माग अनुसार कार्यालयको उद्देश्य र क्षेत्रमा भएको विस्तार अनुरुप कुशलतापूर्वक कार्य सम्पादन गर्न मानव स्रोतको संख्यात्मक विस्तारका साथै जनशक्तिमा समेत सीप र दक्षता बढाई स्रोत साधनले युक्त बनाउन आवश्यक हुन्छ। मुख्य न्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार तथा अन्य कानूनले तोकेका कामकारवाहीहरु जिम्मेवारीका साथ निर्वाह गर्न र कार्यालयको कार्य प्रकृतिको आधारमा विद्यमान जनशक्ति पर्याप्त नै देखिन्छ। यसले गर्दा कार्यको गुणस्तरमा अपेक्षा अनुरुप वृद्धि हुन सकेको छैन। मुद्दाको संख्यात्मक वृद्धि र थपिएको जिमेम्वारी अनुसार संगठन संरचना परिवर्तन गर्नुपर्ने हुन्छ । मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकील तथा कर्मचारीहरुको मौजुदा दरवन्दी तल प्रस्तुत गरिएको छ।

**कार्यालयको जनशक्ति विवरण**

| सेवा / समुह | पद | मुख्य न्यायधिवक्ताको कार्यालय | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दरबन्दी | पदपूर्ति | रिक्त | करार | |
| संवैधानिक | माननीय मुख्य न्यायाधिवक्ता | १ | १ | | | |
| न्याय सेवा, सरकारी वकील समूह | राजपत्रांकित द्बितीय | १ | १ | | | |
| | राजपत्रांकित तृतीय | ३ | २ | १ | | |
| अन्य सेवा/ समूह | अधिकृत (प्रशासन) | १ | १ | | | अधिकृत छैठौं |
| | अधिकृत (लेखा) | १ | १ | | | अधिकृत छैठौं |
| | सहायक (प्रशासन) | १ | १ | | | अधिकृत छैठौं |
| | कम्प्यूटर अपरेटर | १ | १ | | | |
| | हलुका सवारी चालक | १ | १ | | १ | करार |
| | कार्यलय सहयोगी | २ | २ | | २ | करार |
| | जम्मा | १२ | ११ | १ | ३ | |

## परिच्छेद -४
## श्रमण, गोष्ठी, तालिम र सेमिनारमा सहभागिता तथा थप जिम्मेवारी

### ४.१ भ्रमण, गोष्ठी, तालिम र सेमिनार

आ.व. २०८१।८२ मा यस कार्यालयको तर्फबाट मुख्य न्यायाधिवक्ता, उपन्यायाधिवक्ता सहायक न्यायाधिवक्ता निम्न बमोजिमका बिभिन्न निकायबाट आयोजित कार्यक्रमहरुमा सहभागिता जनाएका थिए।

**माननीय मुख्य न्यायाधिवक्ता ज्यु सहभागी भएको कार्यक्रमहरुको विवरण :-**

१) माननीय मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी र उपन्यायाधिवक्ता श्री टेक बहादुर थापा मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले मिति २०८१।०७।२९ र ३० गते विराटनगर र ईलाममा आयोजना गरेको मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलन २०८१ मा सहभागीता जनाउनु भएको थियो।

२) National Law University, Jodhpur, भारतमा मिति २०८१।१०।२८ देखि २०८१।११।०९ सम्म संचालन हुने ITEC Training Course अन्तर्गत " Trainging Programme for Judicial Officers from Office of the Attorney General, Nepal कार्यक्रममा पर्यवेक्षकको रुपमा सहभागीता जनाउनु भएको थियो।

३) नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्धारा ललितपुर काठमाडौंमा आयोजित संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम विषयगत समितिको बैठकमा संघ, प्रदेश र स्थानी तह बीचमा समन्वय कायम गरी कानून, नीति तथा योजना तर्जुमा, कार्यान्वयन र विकास र निर्माणका कार्यमा प्रभावकारिता ल्याउने बैठक/कार्यक्रममा मिति २०८१/११।२६ गते सहभागी हुनु भएको थियो।

४) महान्यायाधिवक्ताको कार्यालयद्धारा कर्णाली प्रदेश, सर्खेतमा मिति २०८१।१२।२८ गते आयोजना गरिएको " नेपालकको संविधानको अनुसूचीमा संघ प्रदेश र स्थानीय तह बीचको अधिकार क्षेत्रको प्रभावकारी व्यवस्थापन" विषयक कार्यक्रममा टिप्पणीकर्ताको भूमिका सहित सहभागी हुनु भएको थियो।

५) मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशद्धारा मिति २०८२।०१।२६ र २७ गते ललितपुर काठमाडौंमा आयोजना गरिएको "मुख्य न्यायाधिवक्ताहरु र महान्यायाधिवक्ता बिचको सम्बन्ध, सहकार्य र समन्वय सम्बन्धी अन्तरक्रिया कार्यक्रम" मा मुख्य न्यायाधिवक्ता ज्यू सहभागी हुनु भएको थियो।

### ४.२ अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम

संघीयताको अभ्यासलाई सफल बनाउनका लागि असल कार्य अनुभवहरु आदान प्रदान गर्नु नितान्त आवश्यक हुने गर्दछ । संघीय संरचना अनुसार सात प्रदेशमा रहेका मुख्य न्यायाधिवक्तको कार्यालयहरुको कार्य प्रकृति एकै भएता पनि प्रदेश सरकार मातहतका निकायहरुको संख्या,भौतिक संरचना, राजनीतिक एवं सामाजिक परिवेश फरक भएका कारण प्रत्येक मुख्य न्यायाधिवक्ताको कार्यालयका कार्य सम्पादनका अनुभवहरु फरक –फरक हुन सक्दछन । त्यसैले संविधानमा गरिएका व्यवस्था अनुसार प्रदेश सरकारलाई आवश्यकताका आधारमा मुख्य न्यायाधिवक्ताको कार्यालयहरुले प्रदान गर्ने गरेका कानुनी राय, परामर्श सल्लाह र मार्ग चित्रणका विषयमा साक्षात्कार गर्न तथा कार्यालयको कार्यशैली, कार्यालय व्यवस्थापनमा आत्मसात गरिएका असल अभ्यासहरु बारे अध्ययन गर्नका लागि र एक आपसमा अनुभव आदान प्रदान गर्ने हेतुले अन्तर प्रदेश भ्रमण कार्यक्रम बार्षिक कार्यक्रममा समावेश गरिएको थियो ।

१. कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको प्रमुख उद्देश्य पदाधिकारी एवं कर्मचारीहरुमा नौलो विषयमा अनुभव हसिल गरी कर्मचारीहरुलाई आ-आफ्नो जिम्मेवारीमा थप उर्जशिल भई कार्य प्रति उत्प्रेरित गर्नु थियो । यसका साथै आन्तरिक भ्रमण कार्यक्रमले पर्यटन विकासमा आर्थिकरुपमा टेवा पुग्ने हुँदा पर्यटन प्रवर्द्धनबाट देशको राजश्व वृद्धिमा योगदान पु-याउनु रहेको थियो ।

२. अपेक्षित प्रतिफल :

- कार्यालयको भौतिक संरचना, भौतिक संसाधन, जनशक्ति बारेमा जानकारी हुने,
- कार्यलयको दैनिक कार्य सम्पादनमा अपनाईने कार्य व्यवहार र कार्य शैलीले थप उत्प्रेरणा प्राप्त हुने,
- प्रदेश सरकार र मातहतका कार्यालयहरुलाई पक्ष वा विपक्ष बनाई दायर रिटको लगत एवं मुद्दा अभिलेखीकरणको विधिका सम्बन्धमा जानकारी हासिले गर्ने अवसर प्राप्त हुने,
- कानूनी राय प्रदान गर्ने विधि, समयावधी र राय प्रदानका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाका बारेमा जानकारी हासिल हुने,
- बहस पैरवी तथा प्रतिरक्षा व्यवस्थापनमा कार्यालयले अपनाएको कार्यशैली अबलम्बन गर्नमा थप सहयोग पुग्न सक्ने,
- अन्य मुख्य न्यायाधिवक्ताको कार्यालयका रणनीतिक योजनाका सम्बन्धमा जानकारी हासिल हुने आदि ।

यस प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता श्री ठेकेन्द्र राज जोशी ज्यूको नेतृत्वमा यस कार्यालयका उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरु मिति २०८१ मंसिर १४ गेत देखि २३ गते सम्म लुम्बिनी प्रदेश, बागमती प्रदेश, मधेस प्रदेश र कोशी प्रदेश स्थित मुख्य न्यायाधिवक्ताको कार्यालयहरुमा असल अभ्यास तथा कार्य सम्पादनको क्रममा आईपर्ने कानूनी एवं व्यवहारिक कठिनाईहरुको सम्बन्धमा छलफल गरिएको

थियो। यसका साथै यी प्रदेश सरकार विरुद्ध परेका मुद्दाहरुको विवरण ,पेशी व्यवस्थापनका लागी अवलम्वन गरिएको पद्धति, मुद्दाहरुको प्रतिरक्षाको सिलसिलमा भोग्नु परेका समस्यमाका साथै कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन समेतका बारेमा समेत छलफल हुनुका साथै आवश्यक अनुभव आदान प्रदान गरिएको थियो।

१. मुख्य न्यायाधिवक्ताको कार्यालयको भौतिक संरचनाको व्यवस्थापन तथा दरबन्दी थपघट सम्बन्धमा छलफल भएको।
२. मुख्य न्यायाधिवक्ता तथा कर्मचारीहरुको बार्षिक सम्मेलन आयोजना गर्ने आवश्यक देखिएको।
३. मुख्य न्यायाधिवक्ता र कार्यालयबाट सम्पादन हुने काम कार्बाहीलाई प्रभावकारी र संयुक्त बनाउने।
४. प्रदेश सरकार र प्रदेश सरकार मातहत रहेका कार्यालयहरुको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षा र लिखित जवाफ एवं कानूनी मस्यौदा तयारी र मुद्दाका आवश्यक कागजात सम्वन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल गर्नुपर्ने आवश्यक रहेको ।

**असल अभ्यास/अनुभव आदान प्रदान कार्यक्रममा सहभागी हुनु भएको माननीय मुख्य न्यायाधिवक्ताज्यूसहितका कर्मचारीहरुसँगका तस्वीरहरु**







vivo Y21
Dec 03, 2024, 13:44


vivo Y21
Nov 29, 2024, 11:35




### ४.३ बालसुधार गृह डोटी अनुगमन कार्यक्रम

प्रदेश सरकारको मातहतमा रहेको बाल सुधार गृहमा रहेका बालबालिकाहरुको मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी माननीय मुख्यमन्त्री तथा महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५, को दफा १८ मा गरिएको छ।यसका साथै मुख्य न्यायाधिवक्ताको कार्यालयले बालसुधार गृह अनुगमन निर्देशिका, २०७७ जारी गरी बालसुधार गृहमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन मुख्यमन्त्री तथा महान्यायाधिवक्त समक्ष पेश गर्ने गरेको छ।

**बाल सुधार गृहमा रहेका बालबालिकाहरुको विवरण**

| क्र. सं. | कुल क्षमता संख्या | पुरुष संख्या | महिला संख्या | बालबालिकाको जम्मा संख्या | १८ वर्ष मुनिका बालबालिकाको संख्या | १८ वर्षभन्दा माथिका बालबालिकाको संख्या | अशक्त,विरामी, मानसिक विरामी तथा दीर्घ रोगीको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २५ | ० | ० | ५५ | ३० | २५ | १ ( एचआईभी एड्स विरुद्धको औषधी सेवन गरिरहेको ) |

बालसुधार गृह अनुगमन गर्दा निम्नानुसारको व्यवस्था रहेको पाईयो :-

(क) **खाने बस्ने व्यवस्था:** नेपाल सरकारले तोकिएको मापदण्डमा सिधा खाना पाएको बाल सुधार गृहमा रहेका बालबालिकाले बताएका छन् ।

(ख) **उचित बसोबासको अवस्था:** नेपाल सरकारले सुदूर पश्चिम प्रदेशमा मिति २०७५ भदौ ११ गते बाल सुधार गृहको स्थापना तत्कालिन संघिय सरकारको महिला तथा बालबालिका कार्यालयमा भवनलाई बाल सुधार गृहका रुपमा प्रयोग हुदै आएको छ । भवन बनावट बालमैत्री संरचनाका रुपमा नभई कार्यालय प्रयोजनका रुपमा साघुरा ११ वटा कोठा मध्ये १ वटा हल,सुरक्षाकर्मी कोठा,गार्डरुम,एक कार्यालय,एक भान्सा र एक कोठा स्टोर रुम रहेकोले वाँकी ६ कोठामा मात्र ५५ जना बालकहरु बस्दै आएको पाईयो ।

(ग) **स्वास्थ्य, उपचार र सरसफाइ:** बालसुधार गृहमा नियमित स्वास्थ्य चेकजाच नभएको पाईयो । स्वास्थ्यमा सामान्य समस्या आएमा जिल्ला अस्पातलमा उपचारका लागि लिने गरेको बुझियो । बाल सुधार गृहमा स्वास्थ्यकर्मिको दरबन्दी सृजना गर्नु पर्ने देखियो । बाल सुधार गृहमा बसेका कोठा सामान्य सरसफाई भएको पाईयो । न्यून संख्यामा रहेको शौचालयहरु पानी अभावका कारण पर्याप्त मात्रामा सरसफाईमा कमि देखिएको । बालसुधार गृहमा रहेको भान्सा कोठा सरसफाई रहेको पाईयो । भान्सा कोठा समेत साँघुरो र अप्रपाप्त रहेको पाईयो ।

(घ) **मर्यादित तथा निर्दोषिताको व्यवहार सम्बन्धमा:** बाल सुधार गृहमा रहेका व्यक्तीहरुलाई कुनै पनि शारीरिक तथा मानसिक याताना दिइएको नरहेको । बाल सुधार गृहमा रहेका बालक थुनुवा तथा कैदमा तोकिएका बालकहरुलाई मनोसामाजिक परामर्श दिने व्यवस्थाको कमि देखियो । बयान वकपत्र गर्न लैजानका लागि कार्यालयको आफ्नो गाडी समेत नरहेको ।

(ङ) **सम्पर्क, समन्वय तथा भेटघाट:** बाल सुधार गृहमा बालकहरुका आफन्त तथा परिवारका सदस्यहरुलाई नियमित भेट्ने व्यवस्था मिलाईएको पाईयो । बाल सुधार गृहमा माननीय जिल्ला न्यायाधीश र

राष्ट्रिय मानव अधिकार आयोग, पत्रकार र लगाएत गैरसरकारी संघसंस्थाबाट भेटघाट प्राय:जसो हुने गरेको पाईयो।

(च) **सुधार गृह व्यवस्थापन:** साविक महिला तथा बालबालिका कार्यालय डोटीको भवनमा बाल सुधार गृह रुपमा स्थापना भएको रहेछ। खेलखुद मैदान र फराकिलो कम्पाउन्ड समेत नरहेको। बालसुधार गृहमा ७ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल ३ जना मात्र कार्यरत रहेको पाईन्छ। बाल सुधार गृहमा कार्यरत प्रशासन हेर्ने सहायक पाचौं तहको कर्मचारीको दोहोरो दरबन्दी दिपायल सिलगढी नगरपालिकाको महिला तथा बालबालिका फाँट समेत हेर्ने गरी तोकिएको पाईयो। बाल सुधार गृहमा पत्रपत्रिका तथा पुस्ताकालय समेतको व्यवस्था नभएको पाईयो। सामाजिक मनोपरामर्श कार्यकर्ता समेत उपलब्ध नभएकोले बाल मनोविज्ञानमा थप नकारात्मक भावना सृजना हुने देखिएको छ।

## ४.४ कारागार अनुगमन

कारागारमा रहेका थुनुवा तथा कैदीबन्दी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्यलाई व्यवस्थित गर्न मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५, को दफा १८ ले दिएको अधिकार प्रयोग गरी विभिन्न समयमा हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशिका, २०७६बमोजिम सुदूरपश्चिम प्रदेशका बाजुरा, अछाम र बझाङ्ग जिल्ला स्थित कारागारहरु अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्य भएको छ।

संवैधानिक निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको छ। उक्त आयोगले मानवअधिकारको उलंघन हुन नदिन र मानव अधिकार सम्वन्धी सचेतना अभिवृद्धि गर्ने कार्यमा महत्वपुर्ण कार्य गर्दै आएको छ। यसैगरी महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्तालाई पनि हिरासत तथा थुनुवा कक्षको अनुगमन तथा निरीक्षण गर्ने जिम्मेवारी कानुन बमोजिम तोकिएको छ। यस आर्थिक वर्षमा अनुगमन तथा निरीक्षण गरिएका कारागारहरुको विवरण तल प्रस्तुत गरिएको छ :-

| सि. नं. | जिल्ला | कुल क्षमता संख्या | पुरुषको संख्या | महिला संख्या | जेष्ठ नागरिकको संख्या | बालबालिकाको संख्या | अशक्त विरामी, मानसिक विरामी तथा दीर्घ रोगीको संख्या | जम्मा थुनुवा बन्दी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाजुरा | २५ जना | ६८ जना | - | ६ जना | - | - | ६८ जना |
| २ | अछाम | ७५ जना | ६५ जना | ५ जना | - | - | - | ७० जना |
| ३ | बैतडी | २५ जना | १५ जना | १० जना | २ जना | - | २ जना | २५ जना |

| सि. नं. | जिल्ला | कुल क्षमता संख्या | पुरुषको संख्या | महिला संख्या | जेष्ठ नागरिकको संख्या | बालबालिकाको संख्या | अशक्त विरामी, मानसिक विरामी तथा दीर्घ रोगीको संख्या | जम्मा थुनुवा बन्दी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| ४ | दार्चुला | ४० जना | ७३ जना | - | १ जना | - | १ जना | ७३ जना |
| ५ | डडेलधुरा | १२५ जना | १२१ जना | १० जना | ३ जना | - | ३ जना | १३१ जना |
| ६ | कैलाली | १५० जना | ५६७ जना | ५० | ७ | १ | ९ | ६१७ जना |
| ७ | डोटी | २५ जना | ६३ जना | २ जना | - | - | १ जना | ६५ जना |
| ८ | कञ्चनपुर | १४० | ४२३ | २७ | - | - | - | ४५० जना |

### ४.४.१. बाजुरा कारागार अनुगमनको विवरण:

| अनुगमन गरेको जिल्ला | बाजुरा |
|---|---|
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय मार्तडी, वाजुरा। |
| अनुगमन गरेको मिति | 2081/09/16 |
| अनुगमन टोलीको सदस्य सङ्ख्या | ... |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

**२. अनुगमनको उद्देश्य:**

क. कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने ।

**३. अनुगमनको विधि तथा किसिम:**

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदर पश्चिम प्रदेशको नियमति कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमामा खटिएका सुरक्षाकर्मिहरुसँग छलफल विधि प्रयोग गरिएको थियो ।

**४. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियो:**

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिकाहरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| २५ | ६८ | ** | ६ | ** | ** |

**महिला कैदी वन्दी/थुनुवा राख्ने अलग्गै गृह नभएकोले तुरुन्तै कारागार कार्यालय, अछाममा स्थान्तरण गर्ने गरिएको देखिएको ।

कारागारको श्रेणी: **

स्थापना: वि.सं. २०३७ सालमा

जम्मा थुनुवा: ६८

क्षमता भन्दा वढी थुनुवा: ४३

गर्भवती/सुत्केरी महिला: **

आश्रित वालवालिका: **

खटिएका कर्मचारी: ९ जना

कार्यालय प्रमुखको नाम: ना.सु.अनिल कुमार तिवारी।

खानेपानीको धारा:१(ट्र्याङ्की-३)

शौचालयको सङ्ख्या:३

**५. अनुगमनका मुख्य विषयहरु:**

क.थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा ।

ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा।

ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्कमा तथा धार्मिक तथा साँस्कृतिक कर्म कार्यहरु सम्ब्न्धमा।

**६. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियो:**

➢ कारागार कार्यालयको आफ्नौ प्रशासनिक भवन देखिएन । त्यस्तै कैदी वन्दीहरु पुरानो जिर्ण भवनमा अप्ठेरो अवस्थामा वसेको देखियो ।

- ➢ खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो ।
- ➢ खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो ।
- ➢ पुस्तकालयको व्यवस्था भए पनि कितावहरु अपुग देखियो।
- ➢ शौचालय पुरानो र जिर्ण देखियो।
- ➢ सिपमूलक तालिमको समेत हाल व्यवस्था देखिएन ।

**७. व्यवस्थापन पक्ष (कारागार प्रशासन) लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः**

- शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने ।
- प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अभिलम्ब पहल गर्ने ।
- कितावहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधानहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँगतुरुन्तै पहल गर्ने ।
- सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने ।

**८. समस्या समाधानको लागी उपाय तथा सुझावहरुः**

- ✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुहोला।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य,मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनुहोला।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुहोला ।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले सोको निरन्तर उपलब्धता सुनिश्चित तर्फ आवश्यक पहल गर्नुहोला ।

९. **निष्कर्ष** :

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो । कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थूनुवा तथा वन्दीहरु समेत मानवै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन । तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सवैको समन्वय र सहकार्य हुन आवश्यक छ । अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन र अनुगमनमा सहयोगी कर्मचारीको रुपमा खटिएका सहायक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु ।




**४.४.२. अछाम कारागार अनुगमनको विवरण:**

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | अछाम |
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय मंगलसेन,अछाम। |
| अनुगमन गरेको मिति | २०८१/०९/१५ |
| अनुगमन टोलिको सदस्य सङ्ख्या | ... |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाप्रति राज्यका तर्फबाट मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

**१.अनुगमनको उद्देश्य:**

कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने।

**२.अनुगमनको विधि तथा किसिमः**

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुर पश्चिम प्रदेशको नियमति कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/ कैदीहरु, कारागार प्रशासन तथा कारागार कार्यालयमा खटिएका सुरक्षाकर्मीहरुसँग छलफल विधि प्रयोग गरिएको थियो।

**३. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियोः**

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिकाहरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| ७५ | ६५ | ६ | - | - | ** |

कारागारको श्रेणीः**
स्थापनाः वि.सं. २०४४ सालमा।
जम्मा थुनुवाः ७०
क्षमता भन्दा वढी थुनुवाः नभएको
गर्भवती/सुत्केरी महिलाः **
आश्रित वालवालिकाः
खटिएका कर्मचारीः ९ जना
कार्यालय प्रमुखको नामः ना.सु.इन्द्र वहादुर चौधरी।
खानेपानीको धाराः २
शौचालयको सङ्ख्याः २

**४. अनुगमनका मुख्य विषयहरुः**

क. थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा।
ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा।
ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्क र धार्मिक तथा साँस्कृतिक कर्म कार्यहरु सम्बन्धमा।

**५. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियोः**

- कारागार कार्यालयको आफ्नौ प्रशासनिक तथा कैदीवन्दी भवन देखितापनी प्रशासनिक भवन जिर्ण अवस्थामा रहेको तथा कैदी वन्दी भवनमा तारवारको अवस्था कमजोर रहेको देखियो।
- खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो। खानेपानी पर्याप्तमात्रामा उपलब्ध हुन सकेको देखिएन।
- खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो।
- धार्मिक,आध्यात्मिक तथा ऐन कानूनका कितावहरु अपुग देखियो।
- कैदी वन्दी भवनको चारैकुनामा उज्यालोको उपयुक्त व्यवस्था देखिएन। जसले गर्दा सुरक्षाकर्मीलाई ड्युटीमा समस्या परेको देखियो।

**६. व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः**

-शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग समन्वय गर्ने।

-प्रशासनिक भवन लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अविलम्ब पहल गर्ने।

-धार्मिक, आध्यात्मिक कितावहरु तथा अन्य मनोरञ्जनका साधनहरु टि.भी., खेलकुदका साधनहरुको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँग पहल गर्ने।

-सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

**७. समस्या समाधानको लागी उपाय तथा सुझावहरुः**

- ✓ प्रशासनिक भवन/भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुहोला।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य,मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनुहोला।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुहोला।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले सोको निरन्तर उपलब्धता सुनिश्चित तर्फ आवश्यक पहल गर्नुहोला।

**८. निष्कर्ष :**

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो। कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थूनुवा तथा वन्दीहरु समेत मानवै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन। तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा

मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सबैको समन्वय र सहकार्य हुन आवश्यक छ। अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन तथा अनुगमन टोलिमा खटिइ सहयोग गर्ने सहाक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु।




**४.४.३. दार्चुला कारागार अनुगमनको विवरणः**

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | दार्चुला |
| कारागार कार्यालय | कारागार कार्यालय खलङ्गा, दार्चुला,। |
| अनुगमन गरेको मिति | २०८२/०१/१२ |
| अनुगमन टोलिको सदस्य सङ्ख्या | ....... |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

**१.अनुगमनको उद्देश्यः**

क. राज्यबाट कैदी एंव थुनुवा बन्दी प्रती मानवोचित व्यवहार भए नभएको सम्बन्धमा।

२. **अनुगमनको** विधि तथा किसिमः

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुरपश्चिम प्रदेशको नियमित कार्यक्रम अन्तर्गत रही स्थलगत अवलोकन तथा थुनुवा/ कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमा खटिएका सुरक्षाकर्मीहरुसँग अन्तरवार्ता तथा छलफल विधि प्रयोग गरिएको थियो।

**३. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको पाईयोः**

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिकाहरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| ४० | ७३ | - | १ | - | १ |

स्थापनाः वि.सं. २०४० सालमा।

जम्मा थुनुवाः २५

क्षमता भन्दा वढी थुनुवाः ३३

गर्भवती/सुत्केरी महिलाः-

आश्रित बालबालिकाः........

हिरासत व्यवस्थापनमा खटिएका कर्मचारीः ७ जना

कार्यालय प्रमुखको नामः नायव सुब्बा श्री केशव राज अवस्थी।

खानेपानीको धाराः ३

शौचालयको सङ्ख्याः ६

बाथरुमको संख्या:

**४. अनुगमनका मुख्य विषयहरुः**

क. थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा:- नियमानुसार दैनिक रुपमा तोकिएको मापदण्ड बमोजिम उपलब्ध गराउने गरेको।

ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा:- प्रत्येक दुईवर्षमा लत्ताकपडा उपलब्ध गराउने गरेको (मौसम अनुसार)।

ग. स्वास्थ्य उपचार र सरसफाई सम्बन्धमा :- स्वास्थ्यकर्मीको दरबन्दी अनुसार पदपूर्ति रहेकोले निजले उपचार गर्ने गरेको।

घ. सम्पर्क, समन्वय तथा भेटघाट:- थुनुवा एवं कैदीबन्दीका आफन्तसँग भेटघाट गर्न छुट्टै भेटघाट कक्ष नभएतापनि भेटघाट हुने गरेको।

**५. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियो:**

- कारागारका लागि स्थान कम भएको।
- अध्ययन गर्न चाहने कैदी एवं थुनुवाहरुका लागि कारागार भित्र परीक्षामा सहभागी हुने वातावरण नरहेको पाईयो।
- खेलकुदका लागि प्रयाप्त ठाउँको अभाव भएको।
- उर्जको वैकल्पिक स्रोत जस्तै ईन्भर्टर, व्याट्री र सौर्य उर्जाको व्यवस्था नरहेको।
- थुनुवा वा कैदीबन्दी बिरामी पर्दा अस्पताल जान आउन गाडी नभएको।

**६. व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छ:**

- शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने।
- प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत पहल गर्ने।
- कितावहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधनहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरु सँग पहल गर्ने।
- सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

**७. समस्या समाधानको लागी उपाय तथा सुझावहरु:**

✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनु हुन।

✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य, मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनु हुन।

✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुहुन।

✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले वैकल्पिक उर्जाको व्यवस्थापनमा आवश्यक पहल गर्नुहुन।

**८. निष्कर्श:**

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो । कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थूनुवा तथा वन्दीहरु समेत मानवै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन । तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सवैको समन्वय र सहकार्य हुन आवश्यक छ । अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन र अनुगमनमा सहयोगी कर्मचारीको रुपमा खटिएका सहायक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु ।




**४.४.४. डोटी कारागार अनुगमनको विवरण:**

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | डोटी |
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय सिलगढी, डोटी । |
| अनुगमन गरेको मिति | २०८१/०९/०९ |
| अनुगमन टोलीको सदस्य सङ्ख्या | ... |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न । |

**२.अनुगमनको उद्देश्य:**

क.कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने।

**३.अनुगमनको विधि तथा किसिम:**

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुर पश्चिम प्रदेशको नियमति कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमामा खटिएका सुरक्षाकर्मिहरुसँग छलफल विधि प्रयोग गरिएको थियो।

**४. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियो:**

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिकाहरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| २५ | ६३ | २ | - | - | - |

**महिला कैदी वन्दी/थुनुवा राख्ने अलग्गै गृह नभएकोले तुरुन्तै कारागार कार्यालय, अछाममा स्थान्तरण गर्ने गरिएको देखिएको।

कारागारको श्रेणी:**

स्थापना: वि.सं. २०३७ सालमा।

जम्मा थुनुवा: ६५

क्षमता भन्दा वढी थुनुवा: ४०

गर्भवती/सुत्केरी महिला: **

आश्रित वालवालिका: **

खटिएका कर्मचारी: ८ जना

कार्यालय प्रमुखको नाम: लाल बहादुर बोगटी

खानेपानीको धारा: ७ वटा

शौचालयको सङ्ख्या: १० वटा

**५.अनुगमनका मुख्य विषयहरु:**

क. थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा।

ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा ।

ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्कमा तथा धार्मिक तथा साँस्कृतिक कर्म कार्यहरु सम्बन्धमा ।

**६. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियो:**

- कारागार कार्यालयको आफ्नौ प्रशासनिक भवन देखिएन । त्यस्तै कैदी वन्दीहरु पुरानो जिर्ण भवनमा अप्ठेरो अवस्थामा वसेको देखियो ।
- खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो ।
- खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो ।
- पुस्तकालयको व्यवस्था भए पनि कितावहरु अपुग देखियो ।
- शौचालय पुरानो र जिर्ण देखियो ।
- सिपमूलक तालिमको समेत हाल व्यवस्था देखिएन ।

**७. व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः**

- शुद्द खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने ।
- प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अभिलम्ब पहल गर्ने ।
- कितावहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधानहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँगतुरुन्तै पहल गर्ने ।
- सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने ।

८.समस्या समाधानको लागी उपाय तथा सुझावहरुः

- ✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुहोला ।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य,मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनुहोला ।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुहोला ।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले सोको निरन्तर उपलब्धता सुनिश्चित तर्फ आवश्यक पहल गर्नुहोला ।

## ९. निष्कर्ष :

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो। कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थूनुवा तथा वन्दीहरु समेत मानवै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन । तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सवैको समन्वय र सहकार्य हुन आवश्यक छ । अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन र अनुगमनमा सहयोगी कर्मचारीको रुपमा खटिएका सहायक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु ।



## ४.४.५. डडेलधुरा कारागार अनुगमनको विवरणः

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | डडेलधुरा |
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय अमरगढी, डडेलधुरा। |
| अनुगमन गरेको मिति | २०८१/०९/०८ |
| अनुगमन टोलीको सदस्य सङ्ख्या | ... |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

**२. अनुगमनको उद्देश्यः**

क. कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने।

**३.अनुगमनको विधि तथा किसिमः**

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुर पश्चिम प्रदेशको नियमति कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमामा खटिएका सुरक्षाकर्मिहरुसँग छलफल विधि प्रयोग गरिएको थियो।

**४. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियोः**

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिकाहरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| १२५ | १२१ | १० | ३ | - | ३ |

कारागारको श्रेणीः**

स्थापनाः वि.सं. सालमा

जम्मा थुनुवाः १३१ जना

क्षमता भन्दा वढी थुनुवाः ६ जना।

गर्भवती/सुत्केरी महिलाः **

आश्रित वालवालिकाः **

खटिएका कर्मचारीः १० जना

कार्यालय प्रमुखको नामः लाल बहादुर बोगटी।

खानेपानीको धाराः १४ वटा

शौचालयको सङ्ख्याः १८ वटा

**५. अनुगमनका मुख्य विषयहरुः**

क. थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा।

ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा।

ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्कमा तथा धार्मिक तथा साँस्कृतिक कर्म कार्यहरु सम्ब्न्धमा।

**६. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियोः**

- कारागार कार्यालयको आफ्नौ प्रशासनिक भवन देखिएन। त्यस्तै कैदी वन्दीहरु पुरानो जिर्ण भवनमा अप्ठेरो अवस्थामा वसेको देखियो।
- खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो।
- खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो।
- पुस्तकालयको व्यवस्था भए पनि किताबहरु अपुग देखियो।
- शौचालय पुरानो र जिर्ण देखियो।
- सिपमूलक तालिमको समेत हाल व्यवस्था देखिएन।

**७.व्यवस्थापन पक्ष (कारागार प्रशासन) लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः**

- शुद्ध खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने।
- प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अभिलम्ब पहल गर्ने।
- किताबहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधानहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँग तुरुन्तै पहल गर्ने।
- सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

## ८. समस्या समाधानको लागी उपाय तथा सुझावहरुः

- ✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुहोला ।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य,मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनुहोला ।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुहोला ।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले सोको निरन्तर उपलब्धता सुनिश्चित तर्फ आवश्यक पहल गर्नुहोला ।

## ९. निष्कर्ष :

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो । कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थूनुवा तथा वन्दीहरु समेत मानवै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन । तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सवैको समन्वय र सहकार्य हुन आवश्यक छ । अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन र अनुगमनमा सहयोगी कर्मचारीको रुपमा खटिएका सहायक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु ।



### ४.४.६. बैतडी कारागार अनुगमनको विवरणः

| | |
|---|---|
| अनुगमन गरेको जिल्ला | बैतडी |
| हिरासत तथा थुनुवा कक्ष रहेको स्थान/ कारागार कार्यालय | कारागार कार्यालय साहलेक, बैतडी। |
| अनुगमन गरेको मिति | २०८२/०३/२९ |
| अनुगमन टोलीको सदस्य सङ्ख्या | ... |
| अनुगमनको कारण (संक्षिप्त रुपमा) | कैदी वन्दी तथा थुनुवाहरुको मानवोचित व्यवहारको अवस्था वारे एकिन गर्न। |

**२.अनुगमनको उद्देश्यः**

क. कैदी वन्दी तथा थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको वारे स्थलगत अनुगमन गर्ने।

**३.अनुगमनको विधि तथा किसिमः**

अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदुर पश्चिम प्रदेशको नियमति कार्यक्रम अन्तरगत रही स्थलगत अवलोकन तथा थुनुवा/कैदीहरु, कारागार प्रशासन र कारागार कार्यालयमामा खटिएका सुरक्षाकर्मिहरुसँग छलफल विधि प्रयोग गरिएको थियो।

**४. कारागार कार्यालयमा रहेका थुनुवा तथा कैदी वन्दीहरुको विवरण देहाय वमोजिम रहे भएको देखियोः**

| कारागार कार्यालयको कुल क्षमता | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (पुरुष) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (महिला) | कारागारमा रहेका थुनुवा तथा कैदी वन्दीहरु (जेष्ठ नागरिकहरु) | वालवालिकाहरु | अशक्त तथा विरामीहरु |
|---|---|---|---|---|---|
| २५ | १५ | १० | २ | - | २ |

कारागारको श्रेणीः **

स्थापनाः वि.सं. २०४० सालमा

जम्मा थुनुवाः २५ जना

क्षमता भन्दा वढी थुनुवाः नभएको।

गर्भवती/सुत्केरी महिलाः **

आश्रित वालवालिकाः **

खटिएका कर्मचारीः ८ जना
कार्यालय प्रमुखको नामः देव सिंह कुवँर।
खानेपानीको धाराः नभएको
शौचालयको सङ्ख्याः १२ वटा

**५. अनुगमनका मुख्य विषयहरुः**

क. थुनुवा तथा कैदी वन्दीहरुको खानपान सम्बन्धमा।
ख. कैदी वन्दीहरुको औषधी उपचारहरु सम्बन्धमा।
ग. कानून व्यवसायी, पारिवारिक सदस्य तथा अन्य सरोकारवालाहरुसँग भेटघाट तथा सम्पर्कमा तथा धार्मिक तथा साँस्कृतिक कर्म कार्यहरु सम्ब्न्धमा।

**६. समस्याहरु तथा सोका कारणहरु देहाय वमोजिम रहे भएको देखियोः**

- कारागार कार्यालयको आफ्नौ प्रशासनिक भवन देखिएन। त्यस्तै कैदी वन्दीहरु पुरानो जिर्ण भवनमा अप्ठेरो अवस्थामा वसेको देखियो।
- खानेपानीको व्यवस्था रहे भएको देखिएता पनि खानेपानीको मूल खुला रही स्थानीय वस्तु भाउले पिउने/आहाल वस्ने गरेको वुझिएकोले शुद्दतामा समस्या देखियो।
- खेलकुद तथा टि.भी.लगायतका सरसमानहरुको कमि देखियो।
- पुस्तकालयको व्यवस्था भए पनि कितावहरु अपुग देखियो।
- शौचालय पुरानो र जिर्ण देखियो।
- सिपमूलक तालिमको समेत हाल व्यवस्था देखिएन।

**७. व्यवस्थापन पक्ष (कारागार प्रशासन)लाई देहाय वमोजिमका निर्देशनहरु प्रदान गरिएको छः**

- शुद्ध खानेपानी व्यवस्थापनको लागी सम्बन्धित कार्यालयहरुसँग अविलम्ब समन्वय गर्ने।
- प्रशासनिक भवन तथा कारागार कार्यालयको (महिला गृह समेतका) लागी नेपाल सरकार गृह मन्त्रालय वा सो मार्फत अभिलम्ब पहल गर्ने।
- कितावहरु तथा अन्य मनोरन्जनको साधनहरु टि.भी., खेलकुदका साधानहरु लगायतको लागी सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँगतुरुन्तै पहल गर्ने।
- सिपमुलक तालिमको लागी स्थानीय निकायसँग समन्वय गर्ने।

## ८. समस्या समाधानको लागी उपाय तथा सुझावहरुः

- ✓ भौतिक संरचना निर्माणलाई प्राथमिकता दिनुहोला ।
- ✓ कैदी वन्दीहरुमा मानसिक तथा शारीरिक रोगको समस्या देखिने हुँदा निजहरुलाई आध्यात्मिक तथा धार्मिक कार्य,मनोरन्जन तथा सिपमुलक कार्यमा संलग्न गराउनुहोला ।
- ✓ कैदी वन्दीहरुको समय समयमा स्वास्थ्य चेक जाँचलाई अनिवार्य गर्नुहोला ।
- ✓ कारागार कार्यालय अत्यन्त संवेदनशिल कार्यालय रहेकोमा विद्युतको समस्या देखिएकोले सोको निरन्तर उपलब्धता सुनिश्चित तर्फ आवश्यक पहल गर्नुहोला ।

## ९. निष्कर्ष :

मानव अधिकार मानविय मर्यादासँग सम्बन्धित विषयवस्तु हो। कारागार कार्यालयमा थुनामा/कैदमा वसेका थूनुवा तथा वन्दीहरु समेत मानवै रही भावी जिवनमा यसै समाजका सदस्यहरु हुनेमा कुनै दुविधा रहेको छैन। तसर्थः कैदी तथा थुनुवाहरुको मानव अधिकार रक्षा गर्दै निजहरुलाई थुनामा रहेको अवस्थामा मानवोचित व्यवहार प्रदान गर्ने सन्दर्भमा सरोकारवालाहरु सवैको समन्वय र सहकार्य हुन आवश्यक छ। अन्तमाः अनुगमन कार्यमा आवश्यक तथ्याङ्किय जानकारी सहित सहयोग गर्नुहुने कारागार प्रशासन र अनुगमनमा सहयोगी कर्मचारीको रुपमा खटिएका सहायक कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्दछु।



## ४.५ मुख्य न्यायाधिवक्ताको अन्य भूमिका

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन, २०७४ को ३८ (२) ले संघीय प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड रहने व्यवस्था गरेको छ।फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन, २०७४ को दफा ३९(३) बमोजिम प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको काम कारबाहीलाई व्यवस्थित गर्नका लागी प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको कार्यसंचालन कार्यविधि तर्जुमा गरिएको छ ।यस बोर्डलाई पूर्ण बनाउनका लागि मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा विभिन्न मितिमा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको बैठक बसी सुदूरपश्चिम प्रदेश सरकारलाई पत्राचार गर्ने कार्य भएको छ।

सुदुरपश्चिम प्रदेश सरकारको निर्णानुसार प्रदेशमा नयाँ कानून निर्माण गर्न र सम्बन्धित मन्त्रालयबाट तयार भएका मस्यौदा उपर सुझाव दिन **प्रदेश कानून तर्जुमा तथा सुझाव समितिको** संयोजकको जिम्मेवारी मुख्य न्यायाधिवक्तालाई तोकीएको छ।नेपालको संविधानको धारा ५७ र प्रदेश सरकारको अधिकारका विषयहरु समावेश गरिएको अनुसूची ६ र संघ तथा प्रदेश सरकारका संयुक्त अधिकारका विषयहरु उल्लेखित गरिएको अनुसूची ७ का विषयमा प्राथमिकता आधारमा कानून निर्माण गर्ने, संशोधन गर्ने र सुझाव सम्वन्धित मन्त्रालयमा पठाउने कार्य उक्त समितिले निरन्तर गर्दै आएको छ।

# परिच्छेद – ५
# समस्या तथा सुझाव

## ५.१ समस्याहरु

१. यस कार्यालयका अधिकांश मुद्दाहरु सम्मानीत सर्वोच्च अदालत काठमाडौंमा रहेको छन् । हप्तैपिच्छे मुद्दाको पेशीमा धनगढीबाट काठमाडौं सर्वोच्च अदालत, उच्च अदालत पाटन र प्रशासकीय अदालतमा बहस पैरवीमा जाँदा दैनिक भ्रमण भत्ता नियमावली बमोजिम तोकिएको दैनिक भत्ता न्यून भएका कारण व्यक्तिगत खर्च हुने गरेको छ। यसरी सरकारी काजामा जाँदा व्यक्तिगत खर्च थप हुने भएकोले मुख्य न्यायाधिवक्ता र न्यायाधिवक्ताहरुलाई पेशीका दिन बहस पैरवीमा जाँदा आर्थिक भार थप हुने गरेको छ ।

२. यस कार्यालयको स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुका लागि सहज रुपमा दैनिक प्रशासनिक कार्य गर्न र जिन्सी मालसामानहरुको उचित व्यवस्थापन गर्न कोठा अभावका कारण असहजता भएको छ ।

३. महान्यायाधिवक्ता कार्यालय, उच्च र जिल्लास्थित कार्यालयमा कार्यरत सरकारी वकीलहरुलाई अध्ययन भ्रमणका अन्तराष्ट्रिय अवसरहरु समय-समयमा पाईने तर मुख्य न्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरु ती अवसहरुबाट वञ्चित हुनुपर्ने भएकोले छोटो-छोटो अवधीमा कर्मचारीहरु अन्यत्र सरुवा भई जाने प्रवृति विद्यमान छ ।

४. प्रदेश सरकार वा प्रदेश सरकारका मातहतका निकायबाट कानुनी राय माग भई आउँदा आवश्यक प्रक्रिया पुरा नगरी पत्राचार हुने गरेको छ । यसरी कानूनी राय माग भई आउदा सम्बन्धी कार्यालयको अधिकार प्राप्त अधिकारीको धारणा समेत नखुलाई आउने गरेको हुँदा राय माग गरेको विषय कानूनीरुपमा स्पष्ट नहुँदा मुख्य न्यायाधिवक्तालाई कानूनी राय प्रदान गर्न सामान्यतया केही समय लाग्ने गरेको छ ।

५. प्रदेश सरकारबाट तर्जुमा गरिएका कानूनी व्यवस्था अनुसार केही कसुरमा दण्ड तथा जरिवानाको व्यवस्था गरिएको छ । तर यी कानूनमा समावेश कसुरहरुको अनुसन्धान, अभियोजन तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था स्पष्ट नगरिएको हुँदा ऐन कार्यान्वयनमा कठिनाई भएको छ ।

६. नेपालको संविधान अनुसूची -७, ८ र ९ मा उल्लेखित संघ र प्रदेशको अधिकार क्षेत्रसँग सम्बन्धित विषयमा कानून तर्जुमा गरी कार्यान्वयनको गर्दा उक्त कानून संघीय कानूनसँग बाँझिएको छ छैन, स्थानीय तहबाट जारी कानुनहरु संघ र प्रदेशसँग बाझिएको छ छैन उक्त विषयमा समेत अध्ययन गरी सरकारलाई जानकारी गराई बाझिएका कानूनहरुका सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक स्रोत विनियोजन गर्न बजेट सिलिङ्ग न्यून हुने गरेको छ ।

७. विशिष्ट प्रकृतिको मुद्दामा विषय विज्ञकोरुपमा कानून व्यवसायीबाट सेवा लिँदा बहस पैरवीका लागि प्रदेश सरकारका तर्फबाट बहस पैरवी वा प्रतिरक्षा गर्ने त्यस्ता कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्ने पारिश्रमिक सम्बन्धी मापदण्ड प्रदेश सरकारबाट निर्धारण भई नसकेको हुँदा कानून व्यवसयीकोरुपमा विषय विज्ञको सेवा प्राप्त गर्न असहज हुने गरेको छ।

८. नेपालको संविधानमा महान्यायाधिवक्ता मातहत मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ तर मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको नियन्त्रण हो सो कुरा अस्पष्ट रहेको छ।

**५.२ सुझावहरु**

१. मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था नेपालको संविधानमा उल्लेख छ। संविधानको मर्म बमोजिम जिल्ला, उच्च र विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरु महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार प्रत्येक प्रदेशमा भैरहेका फौजदारी कसूरमा महान्यायाधिवक्ताको प्रत्यायोजित अधिकारको अभ्यास मुख्य न्यायाधिवक्ता तथा यस अन्तर्गतका सरकारी वकीलबाट हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

२. यस कार्यालय अधिकांश कार्यक्रमहरु न्यून बजेट सिलिङ्गका कारण वार्षिक विकास कार्यक्रममा समावेश गर्न नसिकएको अवस्था रहेको छ। तसर्थ प्रदेश सरकारले यस कार्यालयका लागि बजेट सिलिङ्ग निर्धारण गर्दा बजेटको सीमा बढाउनु पर्ने देखिन्छ।

३. कुनै विशेष मुद्दामा विज्ञ सेवा लिदा प्रदेश सरकारको तर्फबाट बहस परैवी गर्ने कानून व्यवसायीलाई निजको विज्ञताको आधारमा उपलब्ध गराउनु पर्ने पारिश्रमिक सम्बन्धी मापदण्ड प्रदेश सरकारबाट जारी यथाशिघ्र जारी गर्नुपर्ने देखिन्छ जसले गर्दा यस कार्यालयले विज्ञ सेवा लिई बसह पैरवी सम्बन्धी कार्यमा सहज एवं प्रभावकारीता ल्याउन सकिन्छ।

४. संघीय सरकार र प्रदेश सरकारसँग सरोकार भएको मुद्दामा यस कार्यालयका सरकारी वकीलहरुको उक्त मुद्दामा स्वार्थ बाझिन सक्ने भएकोले संविधान बमोजिम प्रदेश सरकारले सरकारी वकील नियुक्त गर्न सक्ने गरी संविधान संशोधन गर्नुपर्ने देखिन्छ।

५. संविधानमा संघ तथा प्रदेशको साझा अधिकार अन्तर्गत कारागार तथा हिरासत व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारले संघीय सरकारकसँग समन्वय गरी प्रदेश कानून निर्माण गर्नु पर्ने देखिन्छ। यस कार्यले प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड समेत सक्रिय हुने देखिन्छ।

६. यस कार्यालयबाट सर्वोच्च अदालत, उच्च अदालत पाटन र प्रशासकीय अदालतमा पेशी तोकिएका दिन बहस पैरवीका लागि उपस्थित हुन जाँदा आउदा प्रचलित कानून बमोजिम पाईने दैनिक भ्रमण भत्ता अपुग हुने गर्दछ जुन यर्थात पनि छ। त्यसैले यस कार्यालयको सम्पर्क कार्यालय काठमाडौंमा स्थापना

गरिएमा वा दैनिक तथा भ्रमण भत्ता केही रकम थप सुविधाको व्यवस्था गरिएमा मुख्य न्यायाधिवक्ता तथा न्यायाधिवक्ताहरुलाई सहजरुपमा बहस पैरवी तथा प्रतिरक्षाका लागि काठमाडौं जान सहज हुने देखिन्छ।

७. सम्मानीत सर्वोच्च अदालत, उच्च अदालत पाटन र प्रशासकीय अदालत काठमाडौंमा अनलाईन बहसका उपकरण जडानका लागि प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी अनलाईन प्रविधियुक्त उपकरणहरुको यथाशिघ्र व्यवस्थापन गरेमा यस कार्यालयबाट मुद्दामा भौतिक उपस्थिति नहुने र प्रदेश सरकारको खर्च कटौती हुनुका साथै कार्यालयको कार्यसम्पादनमा समेत चस्ताता आउने देखिन्छ ।

८. प्रदेश सरकारका मन्त्रालय तथा कार्यालयहरुले कानूनी राय माग गर्दा पु-याउयनु पर्ने रित तथा प्रक्रिया पुरागरी कानूनी राय माग गर्नुपर्ने र लिखित जवाफ पेश गर्दा निश्चित ढाँचामा लिखित जवाफ तयार गरी आवश्यक प्रमाणहरु समेत राखी तोकिएको म्यादभित्र लिखित जवाफ उपलब्ध गराई कार्यालयको कार्य सम्पादनमा सहजता ल्याउन सहयोग गर्नु पर्ने देखिन्छ।

**मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढीमा कार्यरत कर्मचारीको विवरण**

| क्र.सं. | नाम | पद | कार्यरत अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री ठेकेन्द्र राज जोशी | मुख्य न्यायाधिवक्ता | २०८१ आषाढ २७ | हालसम्म |
| २ | श्री हरिस प्रसाद भट्ट | उपन्यायाधिवक्ता | २०८२ श्रावण | हालसम्म |
| ३ | श्री शशि चन्द्र बिष्ट | सहायक न्यायाधिवक्ता | २०८३ वैशाख | हालसम्म |
| ४ | श्री भानु चौधरी | सहायक न्यायाधिवक्ता | २०८१ फागुन | हालसम्म |
| ५ | श्री भेष बहादुर गुरुङ्ग | सहायक न्यायाधिवक्ता | २०८२ असोज | हालसम्म |
| ६ | श्री सत्यराज पडाल | अधिकृत (प्रशासन) | २०७६ बैशाख | हालसम्म |
| ७ | श्री नीता कुमारी रेग्मी | अधिकृत (लेखा) | २०८२ मंसिर | हालसम्म |
| ८ | श्री माधव प्रसाद बडू | अधिकृत (प्रशासन) | २०७९ मंसिर | हालसम्म |
| ९ | श्री दिपा शर्मा | कम्प्यूटर अपरेटर | २०८० मंसिर | हालसम्म |
| १० | श्री संजय राना | हलुका सवारी चालक | २०७५ फागुन | हालसम्म |
| ११ | श्री गणेश राना | हलुका सवारी चालक | २०७६ वैशाख | हालसम्म |
| १२ | श्री बबिता तिवारी | कार्यालय सहयोगी | २०७५ जेठ | हालसम्म |
| १३ | श्री कमल चौधरी | कार्यालय सहयोगी | २०७५ असार | हालसम्म |
| १४ | श्री पदम राज पन्त | चौकीदार | २०७८ फागुन | हालसम्म |


अपि हिमाल, दार्चुला


सैपाल हिमाल, बझाङ्ग


उग्रतारा मन्दिर, डडेलधुरा


शैलेश्वरी मन्दिर, डोटी


निङ्गलासैनी भगवती मन्दिर, बैतडी


बडीमालिका मन्दिर, बाजुरा


खप्तड त्रिवेणी


घोडाघोडी ताल, कैलाली